
# लेखापरीक्षण प्रतिवेदन

## जुगल गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## जुगल गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/156

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
जुगल गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

**कैफियतसहितको राय**

हामीले जुगल गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड ८१ लाख ३० हजार र सडक बोर्ड तथा अन्य आय तर्फको रु. ५१ लाख ६ हजार समेत रु. ११ करोड ३२ लाख ३७ हजार समावेश गरेको छैन।

२. गाँउपालिकाको रु. १ अर्ब २ करोड ७६ लाख ८९ हजार लेखापरीक्षण गरिएकोमा रू. २ करोड ४८ लाख १६ हजार बेरुजू देखिएकोमा रु. ६ लाख २१ हजारको प्रतिक्रियाबाट फर्स्योट भई बाँकी बेरुजु रु. २ करोड ४१ लाख ९५ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू. ५१ लाख ४३ हजार,प्रमाण कागजात पेश गर्नुपर्नेमा रू. २२ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६७ लाख ५६ हजार बाँकी रहेको छ।पालिकाको गत वर्ष सम्म रु.२५ करोड २७ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २६ करोड ८२ लाख ८३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने जुगल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी जुगल गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेश्की |
| ८१ | २१२ | २,४८,१६,६१० | ० | १७ | ६,२०,९९४ | ० | ८१ | १९५ | २,४१,९५,६१६ | ५१,४२,८९२ | १,६७,५६,६१० | २२,९६,११४ | ० | ० | १,९०,५२,७२४ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | २५,२७,९१,००८ | 0 | ८७,०३,१६६ | २४,४०,८७,८४२ | ० | २,४१,९५,६१६ | २६,८२,८३,४५८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ५७ | पाठ्यपुस्तक रकम | ६६,९४० |
| २ | २०७८/७९ | ६१ | सामाजिक सुरक्षा दोहोरो भत्ता | ५८,६२० |
| ३ | २०७८/७९ | ५९ | खर्च पुष्टी गर्ने बिल भर्पाई | २,८५,६५४ |
| ४ | २०७९/८० | ७७ | सवारी साधन भाडाः | ५४,२४,००० |
| ५ | २०७९/८० | ८० | न्यायीक समिति बैठक भत्ताः | ४१,७०० |
| ६ | २०७९/८० | २८ | धरौटीः | ० |
| ७ | २०७९/८० | ६१ | सोझै खरिदः | २८,२६,२५२ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ८७ | सामुदायिक सिकाइ केन्द्र | ४,८०० |
| ९ | २०८०/८१ | ७१ | सामाजिक सुरक्षा भत्ता | ९६,००० |
| १० | २०८०/८१ | ९० | बढी दिवाखाजा निकासा | ४८,९४५ |
| ११ | २०८०/८१ | ६४ | दैनिक तथा भ्रमण भत्ता | ३४,३०० |
| १२ | २०८०/८१ | ५० | उपकरणको निरीक्षण/परीक्षण तथा उपयोग | ४,२७,१९९ |
| १३ | २०८०/८१ | ८६ | शैक्षिक गुणस्तर तथा अनुगमन | ९,७५० |
| जम्मा | | | | ९३,२४,१६० |

# (८०३२७५०२३०० - जुगल गाउँपालिका, सिन्धुपाल्चोक )

## परिचय

१ **भूमिका**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।कुल क्षेत्रफल ५९२ वर्ग किलोमिटर रहेको यस पालिकाको वडा संख्या ७, सभा सदस्य संख्या ३७ तथा जनसंख्या १९२२३ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२६ देखि २०८१।५।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको यस बर्ष रु. १ अर्ब २ करोड ७६ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,३८,९६,८९१।०८ असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको भौचर पेश भएको छः

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | गत विगतदेखि सामाजिक सुरक्षा लाभग्राहीहरुको लगत कट्टा पश्चात् गाउँपालिकाको खातामै रहेको रकम | ७४०७४३८.५८ |
| २ | दहत्तर बहत्तर संकलन बापत दाखिला गर्न बाँकी रिभर्स मू. अ. कर | १५९१७५२.५ |
| ३ | दहत्तर बहत्तर संकलन बापत प्रदेश सञ्चित कोषमा दाखिला गर्न बाँकी रकम | ४८९७७०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

**वित्तीय प्रतिवेदन:**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिका कार्यालयले उपलब्ध गराएको स्थानीय सरकारको कोषको आ.व २०८०।०८१ को प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) परीक्षण गर्दा देहायनुसार देखिएको छ।

**आ.व. २०८०/८१ को एकीकृत वित्तीय विवरण**

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | १. | **चालु** | ३१६६६०६२३.८१ |
| | बैंक मौज्दात | १२७६६१२८४ | २. | **पूँजीगत** | २१५१२८९८२ |
| | धरौटी बैंक मौज्दात | ९३४८११८.५१ | ३. | | ० |
| २. | **यस वर्षको धरौटी आम्दानी** | ५२४८४८९.९६ | ४. | **धरौटी फिर्ता** | ४०६३९५९.०१ |
| ३. | **आन्तरिक राजश्व आम्दानी** | ० | ५. | **कोष खर्च** | ० |
| | आन्तरिक राजश्व | १८५०७१५०.७६ | | मर्मत सम्भार कोष | ० |
| | राजश्व बाँडफाँड- प्रदेश सरकार | १७२२५४८९.४० | | प्रकोप व्यवस्थापन कोष | ० |
| | राजश्व बाँडफाँड - संघीय सरकार | ९२४९५३२१.६१ | | कर्मचारी कल्याण कोष | ३३४७३४ |
| | अन्य आय | ० | ६. | **मौज्दात** | ० |
| ४. | **संघीय सरकारबाट प्राप्त अनुदान** | ० | | बैंक मौज्दात | ७४४४६५८९.१४ |
| | वित्तीय समानीकरण अनुदान | ९६७२०००० | | धरौटी मौज्दात | १०६०४४९६.५१ |
| | सशर्त अनुदान | १९२०६७३९०.८१ | | कल्याण कोष खाता | ६६४२६६ |
| | समपूरक अनुदान | ३६६५७४१ | | प्रकोप व्यवस्थापन खाता | १५००००० |
| | विशेष अनुदान | ६८३२८६८ | | मर्मत सम्भार खाता | ० |
| ५. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | | विविध खर्च खाताको मौज्दात | ५१०६६३८.२७ |
| | वित्तीय समानिकरण अनुदान | १०७१९००० | | | |
| | सशर्त अनुदान | १६३८१४८८ | | | |
| | समपुरक अनुदान | १००४३४६३ | | | |
| | विशेष अनुदान | ५५९९७४३ | | | |
| ६. | **विभिन्न कोष तर्फको आय** | ० | | | |
| | मर्मत सम्भार कोष | ० | | | |
| | प्रकोप व्यवस्थापन कोष | १५००००० | | | |
| | कर्मचारी कल्याण कोष | ९९९००० | | | |
| ७. | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सडक बोर्ड नेपाल | १६००००० | | | |
| | अन्य आय | २९११४३०.२७ | | | |
| | जिल्ला समन्वय समिति | ५९५२०८ | | | |
| | | ० | | | |
| | **जम्मा** | **६२०१२११८६.३२** | | **जम्मा** | **६२८५१०२८८.७४** |

माथि तालिकामा फरक देखिएको रु. ८३९२१०२।४२ स्रेस्तामा रकम घटिसकेको र प्रणालीगत समस्याका कारण बैंक कारोबार सफल हुन नसकेकोले मौज्दात बढी देखिएको कार्यालयले जनाएको छ ।

## २.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको लागि महालेखा नियन्त्रक कार्यालयबाट लागू गरिएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्नेमा नगरपालिकाले सामाजिक सुरक्षातर्फको रु. १०,८१,३०,६४०।- तथा सडक बोर्ड नेपाल/जिल्ला समन्वय समिति तथा अन्य आय मार्फत प्राप्त रकम रु. ५१,०६,६३८।- समेत गरी रु. ११,३२,३७,२७८।- SuTRA प्रणालीमा लेखाङ्कन गरेको पाइएन । जसले गर्दा SuTRA प्रणाली बाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ सबै आर्थिक कारोबार SuTRA मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

## २.२ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६९,५९,३४८।९८, यस वर्षको प्राप्ति रु. १,४३,०४,२१५।१६, यस वर्षको भुक्तानी रु. १४,९६,६५१।८२ र बैङ्क मौज्दात रु. १,४५,९८,५०३।९३ फरक परेको छ । SuTRA मा नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७२ ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १३००५००५३.०२ | ४७७१९६६७१.८४ | ५३७६८४९५०.८२ | ७७७२३४८६.०७ |
| एकीकृत आर्थिक विवरणअनुसार | १३७००९४०२ | ४९१५००८८७ | ५३६१८८२९९ | ९२३२१९९० |
| **फरक** | **६९५९३४८.९८** | **१४३०४२१५.१६** | **१४९६६५१.८२** | **१४५९८५०३.९३** |

## २.३ स्रेस्ता तथा बैंक अनुसारको मौज्दात विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ ।

कार्यालयको स्रेस्ताअनुसार रु. ८,४३,६१,९९०।४२ मौज्दात रहेकोमा बैंक स्टेटमेण्टअनुसार रु. ८,५०,५१,०८५।६५ मौज्दात देखिएको छ । स्रेस्तामा भन्दा बैंकमा रु. ६,८९,०९५।२३ बढी देखिएकोले यस सम्बन्धमा यकिन गरी आम्दानी बाँध्नुपर्ने रु.

| सि.नं. | खाताको नाम | स्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | चालु खर्च खाता | २३१४६००० | २३४५५६६९ | ३०९६६९ |
| 2. | पूँजीगत खर्च खाता | २४४७६१८२.०१ | २५९३९०९१.१५ | १४६२९०९.१४ |
| 3. | धरौटी | १०८९८५६७.०६ | १०६०४४९६.५१ | २९४०७०.५५ |
| 4. | संचित कोष | ७३४६५५०.०३ | ६४८८९५२.५९ | ८५७५९७.४४ |
| 5. | आन्तरिक राजश्व | १८४९४६९१.३२ | १८५६२८७६.४० | ६८१८५.०८ |
| **जम्मा** | | **८४३६१९९०.४२** | **८५०५१०८५.६५** | **६८९०९५.२३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८९,०९५ |

३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख भएकोमा यस गाउँपालिको आन्तरिक लेखापरीक्षण भएको पाइएन । आन्तरिक लेखापरीकको दरबन्दी कायम रहेको भए तापनि पदपूर्ति भएको पाइएन । अतः आन्तरिक लेखापरीकको दरबन्दी पदपूर्ति गरी गराई सबै कारोबार तथा वित्तीय विवरणको नियमित तथा आवधिक रुपमा आन्तरिक लेखापरीक्षण हुनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वियन गर्न मिति २०७८।०८।१३ मा परिपत्र समेत गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको देखिएन । यसै गरी वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेको, अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सोअनुसार नभएकोले सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित सिलसिलाबद्ध हुन नसकेको, स्रोत/साधन र सम्पत्तिको उपयोगमा मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि आश्वस्त हुन सक्ने अवस्था देखिँदैन । यसमा सुधार हुनु पर्दछ ।

५ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २१,५१,२८,९८२।- पुंजीगत खर्च (मालसामान खरिद तथा

निर्माण कार्य) गरेकोमा पालिकाले सार्वजनिक खरिद ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना तयार गरेको पाइएन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना तथा गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको पाइएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको पाइएन।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

९ **त्रैमासिक पुँजीगत खर्च स्थिति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पुँजीगत | २८४५६००० | - | - | २६६८००० | २५७८७००० | १५४१८००० |
| २ | प्रदेश पुँजीगत | २७२२२००० | - | - | २९१०००० | २४३१२००० | १२९३६००० |
| ३ | गाउँपालिका पुँजीगत | १५९४५०००० | १२७१५००० | १८३२१००० | २७६७७००० | १००७३८००० | ५७३०७००० |
| | कूल खर्च | २१५१२८००० | १२७१५००० | १८३२१००० | ३३२५५००० | १५०८३७००० | ८५६६१००० |
| | खर्च प्रतिशत | १००% | ५.९१% | ८.५२% | १५.४६% | ७०.११% | ३९.८२% |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पुँजीगत खर्चको ७०.११ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३९.८२ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।जसले गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर तथा दिगोपनामा असर पर्ने देखिएकोले अन्तिम त्रैमासिक तथा आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १० योजना छनोट

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा देहायअनुसार अधिकांश साना योजनामा बजेट विनियोजन गरेको पाइयो ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ४ | ३००००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ६५ | १२९२०००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ३४ | १५८००००० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ३७ | ३१६१८००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | २९ | ५१२७२००० |
| ६ | रू.२५ लाख भन्दा माथिका योजना | ५ | २०२००००० |
| | **जम्मा** | **१७४** | **१३,२१,१०,०००** |

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ।पालिकाले छनोट गरेका १७४ योजनामध्ये १०३ अर्थात करिब ५९ प्रतिशत योजना रु. ५ लाख वा सो भन्दा मुनिका रहेका छन् । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने अवस्था रहन्छ । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ११ क्षेत्रगत बजेट र खर्च स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्चको प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३,८८,४५,००० | २,३७,०५,००० | ४.३७% |
| सामाजिक क्षेत्र | ३३,०९,३५००० | २७,९५,४४,००० | ५१.५५% |
| पूर्वाधार विकास क्षेत्र | १६,४७,५०,००० | ११,९३,२१,००० | २१.९९% |
| वातावरण तथा विपद् व्यवस्थापन | १,८८,००,००० | १०६,३५,००० | १.९६% |
| वित्तीय व्यवस्थापन र सुशासन | २,४९,००,००० | १,६०,२०,००० | २.९५% |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ११,०९,६९,००० | ९,३१,९७,००० | १७.१८% |
| **जम्मा** | **६८,९१,९९,०००** | **५४,२४,२२,०००** | **१००%** |

उपर्युक्त विवरण अनुसार कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी (५१.५५ प्रतिशत) र वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा सबै भन्दा घटीमा (१.९६ प्रतिशत) खर्च भएको पाइयो ।

१२ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुखले मिति २०८०।३।१० गते रु ६७ करोड ३ लाख ९९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो ।

१३ **तलबी प्रतिवेदन**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ।पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगराई रु. ३,८७,२५,१४८।- भुक्तानी गरेको पाइयो । साथै लेखापरीक्षण अवधिसम्म आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गराएको देखिएन । अत: उल्लेखित कानूनी व्यवस्था अनुसार तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखांकन गर्नुपर्दछ ।

१४ **स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवा प्रवाहको अवस्था**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | सेवाग्राहीको संख्या | स्वास्थ्यकर्मीको दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी | ६ | ९६२८ | ३० | २६ | ४ |
| आधारभूतस्वास्थ्य सेवा केन्द्र | १ | २८०३ | ५ | ४ | १ |
| सामुदायिकस्वास्थ्य इकाई | ५ | ३८५३ | १० | ५ | ५ |
| **जम्मा** | **१२** | **१६२८४** | **४५** | **३५** | **१०** |

उपरोक्त विवरण अनुसार पालिका अन्तर्गत १२ स्वास्थ्य संस्थामा कुल ४५ दरबन्दी रहेकोमा ३५ स्थायी तथा पद सेवा करार मार्फत सेवा प्रवाह गर्ने गरेको पाइयो बाँकी १० पद रिक्त रहेको अवस्था देखिन्छ।

## १५ बजेट विनियोजन

पालिकाको आर्थिक वर्ष २०८०।८१ को कुल बजेट मध्ये चालु र पुँजीगत बजेटमा देहाय बमोजिम विनियोजन गरेको देखियो।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ६७०३९९३९८ | ३८६४८०११४ | ५७.६५% | २८३९१९२८४ | ४२.३५% |

उक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षको कुल रु. ६७,०३,९९,३९८।- रहेकोमा चालु तर्फ रु. ३८,६४,८०,११४ (५७.६५ प्रतिशत) र पुँजीगत तर्फ रु. २८,३९,१९,२८४।- (४२.३५ प्रतिशत) बजेट विनियोजन गरेको पाइयो ।

## १६ बजेट तथा पुँजीगत खर्च

गाउँपालिकाको यस आर्थिक वर्षको कुल बजेट र पुँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको पाइयो।

| क्र.सं. | आर्थिक वर्ष | स्वीकृत पुँजीगत बजेट | पूँजीगत खर्च | पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २८३९१९२८४ | २१५१२८९८२ | ७५.७७% |

पालिकालको यस वर्षको कुल पुँजीगत रु. २८,३९,१९,२८४।- रहेकोमा रु २१,५१,२८,९८२।- पुँजीगत खर्च भएको पाइयो । जुन ७५.७७ प्रतिशत हुन आउँछ ।

## १७ बजेट तथा चालु खर्च

गाउँपालिकाको यस आर्थिक वर्षको कुल बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको पाइयो।

| क्र.सं. | आर्थिक वर्ष | स्वीकृत चालु बजेट | चालु खर्च | चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३८,६४,८०,११४ | ३१,६६,६०,६२३.८१ | ८१.९३% |

पालिकाले यस वर्ष कुल रु. ३८,६४,८०,११४।- बजेट विनियोजन गरेकोमा रु. ३१,६६,६०,६२३।८१ खर्च गरेको छ जुन ८१.९३ प्रतिशत हुन आउँछ।

## १८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड तर्जुमा गरेको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १९ करको दायरा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

| करको नाम | जम्मा करदाता(दर्ता) | कर तिर्ने करदाता (नवीकरण) | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| व्यवसाय कर | ३४४ | १०९ | ३१.६८ | २३५ | ६८.३१% |

पालिकाले आर्थिक ऐनमा सम्पत्ति कर समेत संकलन गर्ने उल्लेख भए तापनि सो सम्बन्धी तथ्याङको अभावमा उक्त कर लागु गर्न सकेको देखिएन।

२० **राजस्व अनुमान तथा संकलन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | १,७०,००,००० | १,८५,३२,३७६ | १०९% |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आर्थिक वर्ष २०८०।८१ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु. १,७०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. १,८५,३२,३७६ अर्थात् अनुमान भन्दा ९% प्रतिशत बढी आय प्राप्त गरेको पाइयो।

२१ **नक्सा दर्ता र पास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | २०८०/८१ | ५ | ५ |

उपरोक्त विवरण अनुसार यो वर्ष पालिकाले जम्मा ५ वटा नयाँ नक्सा दर्ता र ५ वटा नक्सा पास गरेको पाइयो।पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा पालना र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ।

२२ **सेवा प्रवाह विवरण**

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५६७१ जनालाई देहाय बमोजिमको सेवा प्रवाह गरेको पाइयो।

| सेवाको किसिम | जम्मा |
|---|---|
| नागरिकतासिफारिस | ८६४ |
| घरबाटो सिफारिस | २०५ |
| नाता प्रमाणित | ५७३ |
| जन्म दर्ता | ८८६ |
| मृत्यु दर्ता | १९० |
| अन्य सेवा | २९५३ |
| **जम्मा** | **५६७१** |

२३ **अनुत्पादक क्षेत्रमा लगानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो।पालिकाले यो वर्ष १६ मन्दिर, १७ गुम्बा, ३ चर्चमा रु. ३ करोड ९८ लाख विनियोजन गरी खर्च गरेको पाइयो।

**(रु. हजारमा)**

| क्र.सं. | धार्मिक स्थलको प्रकार | २०७८।०७९ को | | २०८०।८१ मा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | अनुदान रकम | संख्या | अनुदान रकम | संख्या | रकम |
| १. | मन्दिर | ९ | १९२६ | १६ | ६९२५ | २५ | ८८५० |
| २. | गुम्बा | ११ | ९९०० | १७ | ३२२०० | २८ | ४२१०० |
| ३. | चर्च | २ | २०० | ३ | ७०० | ५ | ९०० |
| | **जम्मा** | **२२** | **१२०२६** | **३६** | **३९८२५** | **५८** | **५१८५०** |

## २४ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत् सम्पन्न गरेका कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | | सोझै खरिद विधिबाट | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम रु. | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १८३ | ९ | ५१६७०१३२।७३ | १७४ | १३२११०००० | | |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १८३ योजनामा मध्ये ठेक्का मार्फत ९ वटा योजनामा रु ५ करोड १६ लाख खर्च भएको देखिन्छ । भने उपभोक्ता समिति मार्फत सञ्चालित १७४ योजनामा रु. १३ करोड २१ लाख खर्च भएको देखिन्छ । १८३ योजनामा भएको खर्च मध्ये ४.९१ प्रतिशत ठेक्का प्रक्रिया र ९५.०८ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## २५ ठेक्का बन्दोबस्त

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

(रकम रु.हजारमा)

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | ९ | ५२९१४ | ४ | ३४६३१ | २ | ६६७४ | २ | ९९८२ | १ | १६२६ | २ | ८८२६ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रू. ५ करोड २९ लाख लागतको ९ ठेक्का बन्दोबस्त गरेकोमा पहिलो त्रैमासिकमा रु. ३ करोड ४६ लाखको ४ ठेक्का, दोश्रो त्रैमासिकमा रु. ६६ लाखको २ ठेक्का र तेश्रो त्रैमासिकमा रु. ९९ लाखको २ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ८८ लाखको २ ठेक्का मात्र सम्पन्न भएको देखिन्छ । यसरी अन्तिम त्रैमासिक वा वर्षान्तमा बढी आयोजना कार्यान्वयन तथा खर्च गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

## २६ परामर्श सेवा खरिद (डि.पि.आर. तथा अन्य)

पालिकाले आर्थिक वर्ष २०८०/८१ मा देहायका ६ वटा योजनाको डी.पी.आर. वापत रु. ४६,०५,३१५।- परामर्श सेवा भुक्तानी गरेको देखियो ।

| क्र.सं. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | Brief Environmental Study of sindhurche view point and cultural centre jujal- २ , construction of jugal mini stadium selang manedanda jugal- १ | त्रिनेत्र कन्सल्टेन्ट प्रालि | ५००००० | ४९७२०० | ०.५६ | कोटेशन TOR method |
| २ | स्लेट ढुङ्गा (स्वीकृत खानी क्षेत्र बाहेक) र नदीजन्य पदार्थको वातावरणीय प्रभाव मूल्याङ्कन | आर्किटेक्स एण्ड एलाई | ५००००० | ४९७२०० | ०.५६ | कोटेशन TOR method |
| ३ | "Preparation of Master Plan and DPR of Manjushree Park & Study Center, Jugal- ६ | स्पाइरल ग्रिड सोलुसन | ७०२८९३ | ६९४९५० | १.१३ | RFP method |
| ४ | पालिका स्तरीय खानेपानी तथा सरसफाई योजना (WASH Plan ) | सिटिजन डेभलपमेन्ट सोलुसन प्रा.लि. | १९९९९८७ | १९२८९१० | ३.५५ | RFP method |
| ५ | Preparation of Rural Municipal Transport Master Plan (RMTMP) of Jugal Rural Municipality, Sindhpalchowk | आकार डिजाईनर्स एण्ड डेभलपर्स प्रा.लि. | ५००००० | ४८९२९० | २.१४ | कोटेशन TOR method |
| ६ | "Preparation of Master-Plan & DPR of Health post-Building at Baramchi | ग्रिन डिजाइन सोलुसन प्रा.लि. | ५००००० | ४९७६६५ | ०.४५ | कोटेशन TOR method |
| जम्मा | | | | ४६०५३१५ | | |

उल्लिखित विवरण अनुसार पालिकाले यस वर्ष सूचीकृत फर्मसँग प्रस्ताव माग तथा सोझै खरिद विधिबाट ६ वटा परामर्श सेवा खरिदका लागि जम्मा रु. ४७,०२,८८० को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु ४,६०५३१५ भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमान हाराहारीमा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

## २७ आन्तरिक आय तथा सञ्चालन खर्च अनुपात

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा आन्तरिक आय र खर्चको अनुपात स्थिति देहाय बमोजिम छ।

| आर्थिक वर्ष | जम्मा आन्तरिक आय रु. | पालिकाको कार्यालय सञ्चालन जम्मा खर्च रु. | खर्चको तुलनामा आयको प्रतिशत |
|---|---|---|---|
| २०८०।८१ | १,८५,६२,३७६ | ९,३१,९७,००० | १९.९१ |

पालिकाको यस आर्थिक वर्षको प्रशासनिक खर्च रु ९,३१,९७,००० रहेकोमा आन्तरिक आय रु. १,८५,६२,३७६ (१९.९१ प्रतिशत) मात्र रहेको छ।पालिकाको कुल सञ्चालन खर्च आन्तरिक आयको ५.०२ गुणा बढी रहेको देखिन्छ । आन्तरिक स्रोत परिचालन अभिवृद्धि गर्नुपर्दछ ।

२८ **विवाद दर्ता र फछ्र्यौट स्थिति**

कार्यालयबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा विवाद दर्ता र फछ्र्यौटको अवस्था देहायअनुसार रहेको छ :-

| गत वर्षबाट सरेका विवाद संख्या | यस वर्ष दर्ता भएको संख्या | जम्मा संख्या | फछ्र्यौट/कारवाही भएका विवाद संख्या | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद संख्या |
|---|---|---|---|---|
| १ | १८ | १९ | १७ | २ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ वटा र यो वर्ष थप भएको १८ विवाद दर्ता भएकोमा १७ वटा मात्र फछ्र्यौट भएको देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२९ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान र मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकबाट रु.१५,४६,९८३।–खर्च लेखाङ्कन गरेकोमा भ्रमणको प्रयोजन खुलाई प्रतिवेदन गरी यस्तो खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

३० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस गाउँपालिकाद्वारा आ.व. २०८०।८१ मा संकलित आन्तरिक आयको विवरण देहाय अनुसार रहेको छ:

| वडा नं. | राजश्व रकम | कैफियत |
|---|---|---|
| १ | २९५३७० | |
| २ | ४०९९८४ | |
| ३ | ४१३११८ | |
| ४ | २४६६१७ | |
| ५ | ४१५६८३ | |
| ६ | २९८४८१ | |
| ७ | ३१३०८४ | |
| पालिका | १६१७००३९.४ | |
| जम्मागाउँपालिकाको आन्तरिक आम्दानी बैंक मौज्दात | १८५६२३७६ | |
| संघीय सरकारलाई मू.अ.कर बापत बुझाएको रकम | १५९१७५२.५ | **स्लेट, ढुङ्गा बापतको बाँडफाँट** |
| प्रदेशसरकारलाई बाँडफाँट बापत बुझाएको रकम | ४८९७७०० | |
| **कुल जम्माराजश्व** | **२,५०,५१,८२९।-** | |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ:

**क) लेखाप्रणाली (सुत्र) को पूर्ण प्रयोग नभएको:** स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयबाट तर्जुमा भएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग आन्तरिक राजस्वको लेखांकनको लागि पूर्ण रुपमा ल्याएको पाइएन । कार्यालयले राजस्व लेखांकनको लागि साविकमा प्रयोगमा रहेको सुसासना प्रणाली प्रयोग भएको र आर्थिक वर्षको अन्त्यमा मात्र सुत्र मार्फत राजश्व संकलन गरेको पाइयो ।

**ख) ढुंगा गिटी:** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९(१) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ५ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । जसअनुसार यस पालिकाभित्रका ढुंगा गिट्टी प्रयोगको रोयल्टी बापत उपभोक्ता समितिहरुबाट विभिन्न योजनाको भुक्तानी गर्दा रु. ५,९५,६७९।५० संकलन गरेको पाइयो ।

**ग) स्लेट/फुटे ढुङ्गा:** यस पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(४) ले दिएको अधिकार प्रयोग गरी पालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गाको उत्खनन्, संकलन र निकासी सम्बन्धी कार्यविधि, २०८० बनाई कार्यान्वयनमा ल्याइएको पाइयो । यो कार्यविधि प्रयोग गरी पालिकाले सो बापत रु. १,५०,१२,०२३।- राजश्व संकलन गरेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्:-

| स्लेट/फुटेढुङ्गा निकासी अभिलेख किताव निजी र सार्वजनिक जग्गाबाट उत्खनन् भएको कुल जम्मा परिमाण तथा रकम | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत निकासी परिमाण (वर्ग फिट) | आ.व. २०८०।८१ मा संकलन गरिएको राजश्व रु. | १३ प्रतिशत भ्याट रकम रु. | आ.व. २०८०।८१ मा संकलन गरिएको राजश्व कुल रकम रु. | आ.व. २०८०।८१ मा जरिवाना बापत संकलन गरिएको राजश्व रु. | आ.व. २०८०।८१ मा संकलित जरिवाना र राजश्व (कुल रकम) रु. |
| १३०१९००।- | ११७१७१००।- | १५२३२२३।- | १३२४०३२३।- | १७७१७००।- | १५०१२०२३।- |

• गाउँपालिकाको मिति २०८०।१२।३० गतेको कार्यपालिका बैठकको निर्णय बमोजिम यस पालिकाको राजश्वको प्रमुख स्रोतको रुपमा रहेको स्लेट/फुटे ढुङ्गा उत्खनन्, संकलन र निकासी सम्बन्धमा अमानतबाट (पालिकाका कर्मचारी मार्फत्) राजश्व संकलन गर्ने कार्य २०८१ वैशाख ४ देखि २०८१ असाढ १२ गते सम्म सञ्चालन गरेको पाइयो ।निजी जग्गाबाट ११२४७३० वर्ग फिट र सार्वजनिक जग्गाबाट १७७१७० वर्ग फिर्ट गरी जम्मा १३०१९०० वर्ग फिट उत्खनन र निकासी भएको पाइयो ।

• यस पालिकाको राजश्व परामर्श समितिको मिति २०८०।९।१२ गतेको बैठकको निर्णय बमोजिम निषेधित क्षेत्र (सार्वजनिक जग्गा) बाट नदीजन्य पदार्थ वा स्लाब स्टोन/स्लेट/फुटे ढुङ्गा उत्खनन् र संकलनमा प्रति वर्ग फिट रु.१०।- जरिवाना लगाउने गरी निर्णय भए बमोजिम रु. १७७१७००।– जरिवाना सहित कुल राजस्व रु. १५०१२०१२३।– रकम संकलन भएको पाइयो ।

• पालिकाबाट २०८० साउन देखि २०८१ वैशाख ३ सम्म निकासी कार्य नभएको र २०८१ वैशाख ४ देखि २०८१ आषाढ १२ सम्म मात्र निकासीको कार्य भई सो अनुसारको राजश्व संकलन भएको तर निकासी किताब अनुसार एकैपटक नभई पटक पटक आषाढ २० सम्म निकासा भएको पालिका कार्यालयले जवाफ दिएको छ । तसर्थ पालिकाले आ.व. २०८०।८१ भरि निकासी भएको स्लेट ढुंगाको संकलित कुल परिमाण र राजश्व सम्बन्धमा यकिन गरी अद्यावधिक हिसाब राख्नुपर्दछ ।

३१ **संकलित राजस्व समयमा दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ को दफा २७ को उपदफा (१) र (२) मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा २८ मा १० दिनसम् ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गराउने र सोभन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुबाट यो वर्ष रु. १,८५,६२,३७६।- राजस्व संकलन भएको देखिन्छ ।

वडा कार्यालयहरुबाट संकलन हुने कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर, कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम, सिफारिश दस्तुर, अन्य सेवा शुल्क तथा बिक्री, सम्पत्ति कर, बहाल कर लगायतका राजस्व उल्लिखित कानुनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको देखिएन । वडा कार्यालयहरुले प्रत्येक महिनामा जम्मा हुने राजस्व रकम एक महिनादेखि ३ महिना सम्म ढिला गरी बैंक दाखिला गर्ने गरेको पाइयो । वडा कार्यालयहरुबाट संकलित राजस्वको नमूना छनोट गरी २०८१ श्रावण र भाद्र महिनाको राजस्व संकलन तथा दाखिला स्थिति परीक्षण गर्दा देहायअनुसार देखियोः-

| वडानं. | नगद राजश्व संकलन अवधि | रकम | बैङ्कदाखिलामिति |
|---|---|---|---|
| १ | २०८०श्रावण महिना | २८४६६८६.०० | २०८०-०५-१२ |
| | २०८०भाद्र महिना | २५५९५.६९ | २०८०-०६-०६ |
| २ | २०८०श्रावण र भाद्र महिना | ५१९७२.०० | २०८०-०६-०५ |
| ३ | २०८०श्रावण महिना | ३३९३२ | २०८०-०५-१३ |
| | २०८०भाद्र महिना | ६९४२.१९ | २०८०-०६-१० |
| ४ | २०८०श्रावण महिना | ४००९०.०० | २०८०-०५-१९ |
| | २०८०भाद्र महिना | १७२९५.०० | २०८०-०६-१५ |
| ५ | २०८०श्रावण महिना | ५२८६७.०० | २०८०-०५-०७ |
| | २०८०भाद्र महिना | ४६९६६.०० | २०८०-०६-१५ |
| ६ | २०८०श्रावण महिना | १८७१८.०० | २०८०-०५-११ |
| | २०८० भाद्र महिना | १५८४९.०० | २०८०-०६-०७ |
| ७ | २०८० श्रावण र भाद्र महिना | ५२४३०.०० | २०८०-०६-१५ |

कार्यालयबाट संकलित राजस्व कानून बमोजिम समयमै दाखिला गर्ने गराउनेतर्फ आवश्यक ध्यान जानुपर्ने देखिन्छ । साथै वडा कार्यालयहरुबाट ढिला राजस्व भएको अवधि गणना गरी कानून अनुसार शुल्क तथा जरिबाना असुल गर्नुपर्दछ ।

## ३२ कृषि तथा पशु अनुदान

बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वियन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ।यस गाउँपालिकाले गाउँसभाबाट सोझै योजना पारित गरी केही नाफामूलक फर्म/संस्था तथा सहकारीहरुलाई समेत विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएको पाइयो।निश्चित कार्यविधि, मापदण्ड तथा सूचकका आधारमा परियोजना प्रस्ताव माग गरी उपयुक्त संस्था छनोट गरी अनुदान प्रवाह गर्नुपर्नेमा सो प्रकृया बेगरै यस्ता संस्था छनोट गरेको साथै अनुदानको उपयोग स्थिति तथा उपलब्धि सम्बन्धमा प्रतिवेदन तयार गरेको समेत पाइएन । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु क्षेत्रमा यो वर्ष देहाय अनुसार रु. ४२,३८,०००।-अनुदान वितरण गरेको पाइयो ।

| सि.नं. | कार्यक्रमको नाम | अनुदान पाउनेसंस्था | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|---|
| १ | सामूहिक र व्यावसायिक जडीबुटी खेती कार्यक्रम | ३ वटा कृषि फर्म | टिमुर, धसिङ्ग्रे, सतुवा, लौठसल्ला लगाउने | ५,००,०००।- |
| २ | चौरी प्रवर्द्धनकार्यक्रम | चौरी प्रवर्द्धनउपभोक्ता समिति | खानेपानी पाइप खरिद | ८,३८,०००।- |
| ३ | व्यवसायिक पशुपालनप्रोत्साहन कार्यक्रम | ८ वटा पशु कृषक समुह | बाख्रापालन, कुखुरापालन, खोर सुधार | १४,००,०००।- |
| ४ | सामुहिक र व्यावसायिक उत्पादन कार्यक्रम | १० वटा कृषि फर्म | ड्रागनफ्रुट, सुन्तला बगैंचा, किबी खेती, कागती, ओखर, लसुन अदुवा खेती, आदि | १४,००,०००।- |
| ५ | व्यवसायिक मौरीपालन | १ वटा पशुपालन तथाकृषि फर्म | मौरीपालन | १,००,०००।- |
| **जम्मा** | | | | **४२,३८,०००।-** |

## ३३ गत विगतको डी.पी.आर. को कार्यान्वायन अवस्था

कार्गयालयले गत विगतमा तयार गरे गराएको डी.पी.आर. को कार्यान्वायन अवस्था देहायअनुसार रहेको पाइयोः

| क्र.सं. | डि.पि.आर. भएको आर्थिक वर्ष | योजना वा कामको विवरण | परार्मशदाताको नाम | भुक्तानी रकम रु. | योजना कार्यान्वियन स्थिति |
|---|---|---|---|---|---|
| १ | २०७९/८० | जुगल मिनि रंगशाला निर्माण | ग्रीन डिजाइन सोलुसन प्रा.लि | १२४३००० | आ.व. २०८०।०८१ मा ६५ लाख बजेट विनियोजन भई कार्यान्वियनमा रहेको |
| २ | २०७९/८० | जुगल प्रवेशद्वार निर्माण | DB consultant pvt ltd | ४००००० | आ.व. २०८०।०८१ मा ३० लाख बजेट विनियोजन भई कार्यान्वियनमा रहेको |
| जम्मा | | | | १६४३००० | |

## ३४ दरबन्दी तथा पदपूर्ति स्थिति

३४.१ यस पालिकाको स्वीकृत दरबन्दी, पदपूर्ति र रिक्त पदको अवस्था निम्नानुसार रहेको पाइयो।

| क्र सं | पद | तह | सेवा | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति | | | रिक्त संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | ज्यालादरी | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | आठौँ | प्रशासन | १ | १ | ० | | ० |
| २ | ईन्जिनियर | छैटौँ | ईन्जिनियर | १ | ० | १ | | ० |
| ३ | अधिकृत | सातौँ | शिक्षा | १ | १ | ० | | ० |
| ४ | अधिकृत | सातौँ | प्रशासन | १ | ० | ० | | १ |
| ५ | अधिकृत | छैटौँ | प्रशासन | २ | ० | ० | | २ |
| ६ | आ.ले.प. | पाँचौँ | प्रशासन | १ | ० | ० | | १ |
| ७ | सहायक | पाँचौँ | प्रशासन | ४ | २ | ० | | २ |
| ८ | कम्प्युटर अपरेटर | पाँचौँ | विविध | १ | ० | ० | | १ |
| ९ | लेखा सहायक | पाँचौँ | प्रशासन | १ | १ | ० | | ० |
| १० | प्रा.स. | पाँचौँ | शिक्षा | १ | १ | ० | | ० |
| ११ | हे.अ. | छैटौँ | स्वास्थ्य | १ | १ | ० | | ० |
| १२ | सब ईन्जिनियर | पाँचौँ | ईन्जिनियर | १ | ० | १ | | ० |
| १३ | अ.सब. ईन्जिनियर | चौथो | ईन्जिनियर | १ | ० | ० | | १ |
| १४ | स.म.वि.नि | चौथो | विविध | १ | १ | ० | | ० |
| १५ | अमिन | चौथो | ईन्जिनियरिङ | १ | ० | १ | | ० |
| १६ | सूचना प्रविधि | छैटौँ | विविध | १ | ० | १ | | ० |
| १७ | ना.प.स्वा.प्रा. | पाँचौँ | कृषि | १ | ० | ० | | १ |
| १८ | ना.प्रा.स. | पाँचौँ | कृषि | १ | ० | ० | | १ |
| १९ | ना.प्रा.स | पाँचौँ | कृषि | १ | ० | १ | | ० |
| २० | सहायक | पाँचौँ | प्रशासन | ३ | १ | ० | | २ |
| २१ | सब ईन्जिनियर | पाँचौँ | ईन्जिनियर | १ | ० | १ | | ० |
| २२ | अ.सब.ईन्जिनियर | चौथो | ईन्जिनियर | ६ | ० | ६ | | ० |
| २३ | सहायक | चौथो | प्रशासन | ५ | १ | ४ | | ० |
| २४ | ना.प्रा.स. | चौथो | कृषि | ३ | ० | ३ | | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | कम्प्युटर अपरेटर | चौथो | विविध | १ | ० | ० | | १ |
| २७ | लघु उद्यम विकास सहजकर्ता | पाँचौँ | विविध | १ | ० | १ | | ० |
| २८ | न्यायिक सहजकर्ता | पाँचौँ | विविध | १ | ० | १ | | ० |
| **जम्मा** | | **तह** | **सेवा** | **४४** | **१०** | **२१** | | **१३** |

उपरोक्तानुसार प्रशासन अधिकृत छैटौँ/सातौं-३, आ.ले.प.-१ समेतका प्रमुख पद लगायत १३ पद रिक्त रहेको देखिएकोले यथाशीघ्र पदपूर्ति गर्ने तर्फ पहल गर्नुपर्दछ ।

३४.२ **पद रिक्तताको सूचना**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ।पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ४४ जना रहेकोमा देहाय बमोजिम १० जना स्थायी, .२१ जना करारमा कार्यरत रही १३ पद रिक्त रहेको पाइयो । अतः रिक्त पद पूर्तिका लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग तथा मन्त्रालयलाई सूचना दिई रिक्त पदहरु पूर्ति गर्नु गराउनुपर्दछ ।

३५ **धरौटी तर्फ**

पालिकाको धरौटीको गत वर्षको जिम्मेवारी रु. ९७,१३,९३६।११, यस वर्षको आम्दानी रु. ५२,४८,५८९।९६, फिर्ता रु. ४०,६३,९५९।०९ र बाँकी मौज्दात रु. १,०६,०४,४९६।- रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :-

३५.१ **धरौटी फिर्ता** –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सार्वजनिक निकायले खरिद सम्झौता वापतको अन्तिम बिल भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देव निर्माण सेवालाई निजको नाममा रहेको धरौटी रकम रु. ८०,६८९।- फिर्ता भुक्तानी गर्दा सो फर्मको मूल्य अभिवृद्धि कर समायोजन प्रमाण संलग्न नभएकोले सो सम्बन्धी प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,६८९ |

३५.२ **धरौटीको बैंक हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार गरेको देखिएन । आर्थिक वर्षको अन्त्यमा धरौटीको स्रेस्ता अनुसारको मौज्दात रु. १,०८,९८,५६७।- र बैङ्क विवरण अनुसारको मौज्दात रु. १,०६,०४,४९६।– देखिएको छ । अतः यस सम्बन्धमा यकिन गरी बैंकमा घटी देखिएको रकम जिम्मेवार व्यक्तिबाट असूल गरी धरौटी खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९४,०७१ |

३६ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण सम्बन्धी व्यवस्था रहेको छ । पालिका कार्यालयबाट गठित जिन्सी निरीक्षण समितिले मिति २०८१।४।१० मा पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार जिन्सी व्यवस्थापन सम्बन्धमा देहायका पक्षहरु सुधार गर्नुपर्ने देखिएको छ । अतः उल्लिखित विषयहरुमा सुधार गरी जिन्सी व्यवस्थापन प्रणाली चुस्त र दुरुस्त बनाउनुपर्दछ :-

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ को उपनियम २ बमोजिम एक वर्ष भन्दा बढी टकाउ नहुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयासम्म पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने मालसामानमा राखुपर्ने व्यवस्था भएकोमा गाउँपालिका कार्यलयले देहाय बमोजिमको मालसामान खर्च भएर जाने मालसामानमा राख्नुपर्नेमा खर्च भएर नजानेमा राखेकोले उक्त मालसामान खर्च भई गएकोले नभेटीकोमा लागत कट्टा गर्नुपर्ने ।

• गाउँपालिकाको लघु उद्यम शाखा तथा अन्य शाखा अन्तर्गतको मालसामान खरिद भई भरपाइको आधारमा वितरण तर PAMS बाट हस्तान्तण नभएको कारणले अभिलेखमा देखिएकोले उक्त मालसामानलाई हस्तान्तरण गर्नुपर्ने ।

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व एनको दफा ४६ बमोजिम काबु बाहिरको परिस्थितिले गर्दा तथा सुक्काजर्ता भई वा खिइएर, सडेर गई वा अन्य कारणबाट नोक्सानी भएको वा प्रविधि पुरानो भन् प्रयोगमा ल्याउन नसकिने मालसामानलाई मिन्हा गर्न सकिने व्यवस्था भएकोले गाउँपालकामा रहेक केही विद्युतीय तथा काठजन्य मालसामान सडेर वा गलेर वा पुन प्रयोगमा ल्याउन नसकिने देखिएकोले उक्त मालसामानहरुलाई प्राविधिक प्रतिवेदनको आधारमा मिन्हा गर्नुपर्ने ।

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०६(१) बमोजिम टुटफुट तथा बेकम्बा भई पुन प्रयोग गर्न नसकिने वा मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशत भन्दा बढी खर्च हुने मालसामानको प्रविधिक प्रतिवेदनको आधारमा लिलाम विक्रीको व्यवस्था मिलाउनुपर्ने ।

### ३७ लागत अनुमान तथा दर विश्लेषण सम्बन्धमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तथा दर विश्लेषणको लागि नियम १४८ अनुसार दररेट निर्धारण समितिबाट ज्याला, निर्माण सामग्री तथा ढुवानीको दररेट निर्धारण हुने व्यवस्था छ । यस गाउँपालिकाले सिमेण्ट, डण्डी, इँट्टा जस्ता निर्माण सामग्रीको दररेट निर्धारण गर्दा ढाँडे बजारलाई निर्माण सामग्रीको केन्द्र (Market Center) मानी सिन्धुपाल्चोक जिल्लाको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको आधार दरमा सिमेण्ट, डण्डी जस्ता नन लोकल मेटेरियलको लागि ८ कि. मि. दुरीको ढुवानी लागत समावेश गरी सो सम्बद्ध निर्माण कार्यको लागत अनुमान तयार गरेको पाइयो । उपभोक्ता समितिहरुबाट पेश भएका बिल भर्पाई परीक्षण गर्दा स्वीकृत आधार दरभन्दा पनि न्यून दरमा त्यस्ता निर्माण सामग्री खरिद भएको देखिएको तथा आयोजनागत वा निर्माणस्थलगत ढुवानी लागत विश्लेषण नगरेको अवस्थाले नगरपालिकाबाट तयार भएको लागत अनुमान यथार्थपूर्ण रहेको देखिँदैन । अधिकांश स्थानीय व्यवसायीले कार्यालयले तय गरेको दरभन्दा न्यून दरमा नै स्थानीय बजारमा निर्माण सामग्री उपलब्ध गराएको देखिएको छ । यस्तो अवस्थामा थप ढुवानी लागत समावेश गरी निर्माण कार्यको लागत अनुमान तयार गर्दा पालिकालाई थप व्ययभार परेको देखिएको छ । स्वीकृत आधार दरमा मूल्य अभिवृद्धि कर (मू.अ.कर) समावेश गरी उपभोक्ता समितिहरुलाई भुक्तानी हुने गरेको तर सो दरभन्दा न्यून दरमा खरिद भएको कारणबाट उपभोक्ता समितिहरुलाई बढी मू.अ.कर भुक्तानी भएको सम्बन्धी ब्यहोरा छुट्टै दफामा उल्लेख गरिएको छ ।

### ३८ लोड/अनलोडमा बढी लागत निर्धारण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तथा दर विश्लेषणको लागि नियम १४८ अनुसार दररेट निर्धारण समितिबाट ज्याला, निर्माण सामग्री तथा ढुवानीको दररेट निर्धारण हुने व्यवस्था छ । सिन्धुपाल्चोक जिल्लाको जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत दररेटअनुसार लोड/अनलोड लागत सजिलो मालसामानको लागि प्रति क्विण्टल रु. २३।- तथा असजिलो सामानको लागि प्रति क्विण्टल रु.३४।५० रहेको देखिन्छ । तर कार्यालयले प्रति क्विण्टल क्रमशः रु. ५४।८८ र ५८।०६ लोड/अनलोड लागत समावेश गरी निर्माण कार्यका विभिन्न

आइटमहरुको लागत अनुमान दर कायम गरेको पाइयो । जसअनुसार सजिलो मालसामानको लागि प्रति क्विण्टल रु.३१।८८ र असजिलो सामानको लागि प्रति क्विण्टल रु.१९।५६ थप लागत समावेश भएको छ । यस वर्ष कार्यान्वियन भएका सबै योजनाका निर्माण कार्यमा प्रयोग भएका सबै निर्माण सामग्रीहरुमा उक्त थप लागत समावेश भएको देखिएकोले यसबाट समग्रमा परेको थप लागत तथा गाउँपालिकालाई परेको थप व्ययभार सम्बन्धमा छानबिन हुनुपर्दछ ।

## ३९ उपभोक्ता समिति परिचालन सम्बन्धमा

पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् ।

### ३९.१ आयोजना हस्तान्तरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिका कार्यालयबाट सञ्चाचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् संचालन भएका आयोजनाहरु सम्पन्न भइसके पश्चात् समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि संचालन गरिएका योजनाहरु सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत तोकी हस्तान्तरण गर्ने गरेको पाइएन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

### ३९.२ मर्मत सम्भार कोष

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

### ३९.३ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

### ३९.४ जटिल संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

४० **उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् हुने निर्माण कार्यको गुणस्तर गुणस्तर सुनिश्चितत गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल स्ट्रेन्थ टेष्ट गराउने जस्ता कार्य भएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

४१ **चेनेज तथा लोकेशन**

सडक निर्माण सम्बन्धी कार्य गर्दा, गराउँदा कार्य भएको स्थानको चेनेज खुलाउनुपर्नेमा सो अनुसार भएको पाइएन । कार्यालयले सडक कालोपत्रे, ढलान (रिजिड पेभमेण्ट), नाला निर्माण, रिटेनिङ्ग वाल लगायतका संरचनाजन्य कार्य गर्दा चेनेज खुलाउने गरेको पाइएन । कतिपय सडक योजनाहरु उपभोक्ता समिति तथा ठेक्का प्रकृया दुवै माध्यमबाट गराउने गरेको देखिएकोले सो अवस्थामा चेनेज नखुलाउँदा कार्यमा दोहोरोपना तथा ओभरल्याप हुन सक्ने हुँदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

४२ **हस्तान्तरण गर्न नमिल्ने कार्य उपभोक्ता समितिबाट**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने र आफ्नै स्वामित्वमा राख्नुपर्ने देहायका भवन निर्माणको कार्य उपभोक्ता समिति मार्फत् गराई भुक्तानी गरेको पाइयो। उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नै नमिल्ने र बोलपत्र आह्वान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी उपभोक्ता समिति मार्फत् गराएको कार्यालय भवन निर्माण कार्य नियमसम्मत् नदेखिएको रु.

| भौ. नं./मिति | कामको विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| १३-०८१।२।११ (संघीय सशर्त) | पाङताङ स्वास्थ्य चौकी भवन | ३५७५७०० |
| २५-०८१।३।२२ (संघीय सशर्त) | | |
| १६-०८१।२।२८ (संघीय सशर्त) | गुम्बा स्वास्थ्य चौकी भवन | ३५५७५४८ |
| ३४-०८१।३।२३ (संघीय सशर्त) | | |
| २६-०८१।३।२२ (संघीय सशर्त) | सेलाङ्ग स्वास्थ्य चौकी भवन (तला थप) | १३११५५० |
| २७-०८१।३।२२ (संघीय सशर्त) | बाँसखर्क सामुदायिक स्वास्थ्य एकाइ | १५२६१८० |
| जम्मा | | ९९७०९७८ |

| अनियमित भएको | ९९,७०,९७८ |
|---|---|

४३ **कण्टिन्जेन्सी कट्टी तथा खर्च सम्बन्धमा**

पालिका कार्यालयले पुँजीगत खर्च शीर्षक अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागि विनियोजित बजेटको ३ प्रतिशतले हुने रकम कण्टिन्जेन्सी खर्च बापत कट्टी गर्ने गरेको पाइयो । यस वर्षको कुल पुँजीगत बजेट रु. २८,३९,१९,०००।- को आधारमा कण्टिन्जेन्सी

बापतको बजेट रकम रु. ८५,१७,५७०। हुने देखिन्छ । यसै गरी कार्यालयले कण्टिन्जेन्सीबाट भएको खर्चको अभिलेख समेत नराखेकोले कण्टिन्जेन्सी खर्च रकम समेत यकिन हुन सकेन । अतः सोबाट हुने खर्चको व्यवस्थित अभिलेख राखी यस्तो खर्चलाई मितव्ययी र पारदर्शी बनाउनुपर्दछ ।

## ४४ सवारी साधन खरिद

स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नमिल्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले यस वर्ष देहायअनुसार रु. ८८,१०,०००।- मूल्यको एक थान स्कोरपियो जीप तथा ७ थान मोटरसाइकल खरिद गरेको पाइयो । गाउँपालिकाको आफ्नो आन्तरिक आय रु. १ करोड ८५ लाख ३२ हजार मात्र भएको अवस्थामा उक्त रकम सवारी साधनको लागि खर्च गरेको मनासिब देखिएन ।

यस सम्बन्धमा छलफल गर्दा कार्यालयमा रहेको पुरानो गाडी जीर्ण भएकोले नयाँ खरिद गरिएको तथा प्राविधिक कर्मचारीहरु तथा वडा कार्यालयको लागि मोटरसाइकल अत्यावश्यक भई गाउँसभाबाट बजेट स्वीकृत भए अनुसार खरिद गरिएको कार्यालयको भनाइ रहेको छ ।

| भौ नं./मिति | आपूर्तिकर्ताको नाम | विवरण | संख्या | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| ३३-०८०।९।२ | हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा. लि. | पल्सर (२२० सीसी) मोटरसाइकल | ७ | ३९५०००।- | २७६५०००।- |
| ६७-०८०।१२।०१ | अग्नि इन्कर्पोरेटेड प्रा. लि. | महिन्द्रा स्कोरपियो जीप | १ | ६०४५०००।- | ६०४५०००।- |
| | | | | **जम्मा** | **८८,१०,०००।-** |

## ४५ अनुत्पादक क्षेत्रमा खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले सामुदायिक भवन, क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी लगानी गरेको पाइयो । यो वर्ष पालिकाले १६ वटा मन्दिर, १७ वटा गुम्बा तथा ३ वटा चर्च निर्माणमा रु. ३ करोड ९८ लाख २५ हजार खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्:-

| भौ.नं./मिति | योजनाको नाम | रकम रु. |
|---|---|---|
| १८-०८०।६।२७<br>४४-०८०।९।२२<br>५५-०८०।११।२४ | याङ्गर गुम्बा निर्माण | ४८४५६५० |
| ९५-०८१।१।०४ | देवीथान मन्दिर, राम्चे | ८००००० |
| १३७-०८१।१।२७ | उर्गेन काग्यु गुम्बा निर्माण | १७७८००० |
| २१२-०८१।३।०८ | बज्र छ्योलिङ्ग गुम्बा निर्माण | २०००००० |
| २१७-०८१।३।०९ | निस्सी मण्डली निर्माण | २००००० |
| २३२-०८१।३।१३ | च्योचे खिसिङ्ग छोइलिङ्ग गुम्बा निर्माण | १७२०००० |

अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ ।

४६ **निर्माण सामग्रीमा बढी मू.अ.कर भुक्तानी**

गाउँपालिका कार्यालयले विभिन्न उपभोक्ता समितिहरु मार्फत् गराउने निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा ईंटा, सिमेण्ट, डण्डी लगायतका नन-लोकल निर्माण सामग्रीको स्वीकृत पालिका दरमा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर (मू.अ.कर) वापतको रकम समावेश गरी सम्बद्ध आइटमहरुको दर विश्लेषण गरी लागत अनुमान तयार गरेकोमा दर विश्लेषणमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको दरभन्दा उपभोक्ता समितिहरुले खरिद गरेको दर घटी रहेको पाइयो । निर्माण कार्यको रनिङ्ग बिल भुक्तानीका लागि उपभोक्ता समितिहरुबाट पेश भएको बिल, बिजक अनुसार त्यसरी निर्माण सामग्रीको दरमा भिन्नता भएको कारण लागत अनुमानमा समावेश भएको त्यस्ता निर्माण सामग्रीको मू.अ.कर भन्दा उपभोक्ताले यथार्थ रुपमा आपूर्तिकर्तालाई तिरेको मू.अ.कर घटी रहेको देखिन्छ । सिन्धुपाल्चोक जिल्लाको स्वीकृत जिल्ला दररेट निर्धारण समितिद्वारा आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत जिल्ला दररेट सूचीअनुसार ओ.पी.सी. सिमेण्टको दर प्रति बोरा रु.७२०।- मा रु.९३।६० तथा पी.पी.सी. सिमेण्टको दर प्रति बोरा रु.६२०।- मा रु.८०।६० मू.अ.कर समावेश गरी लागत अनुमान तयारी तथा सम्झौता एवं सोही दरबाट भुक्तानी गरेकोमा उपभोक्ता समितिहरुबाट सोभन्दा घटी दरको बिल, बीजक पेश भएको देखिएकोले नमुना छनोट गरी परीक्षण गरिएका निम्न योजनाका उपभोक्ता समितिलाई देहाय अनुसार बढी भुक्तानी देखिएको छ । अतः निम्न निर्माण सामग्रीमा देहायअनुसार बढी भुक्तानी भएको मू.अ.कर रु ३,२७,९५८।- असूल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२७,९५८ |

४७ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा लागत अनुमान तथा दर विश्लेषणबाट स्वीकृत दरको आधारमा गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समितिलाई विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा विभिन्न आइटमको लागि दर विश्लेषणबाट स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरेको पाइयो । यससम्बन्धी ब्यहोरा देहायअनुसार छन्:-

४७.१ **भौ. नं. ७०-०८०।१२।२० (गा. पा. पुँजीगत)**

**कलंशा - वि. क. टोल सडक ढलान** उपभोक्ता समितिलाई रु. ८,००,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा डण्डीको कार्यको स्वीकृत दर प्रति के.जी. रु. १४५।९० रहेकोमा रु.१५०।०७ का दरले भुक्तानी गरेको पाइयो । जसअनुसार प्रति के.जी. रु.४।१७ का दरले १९०७.४१ के.जी. को रु.७,९५४।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९५४ |

४७.२ **भौ. नं. ७७-०८०।१२।२५ (गा. पा. पुँजीगत)**

**रिगङ – क्याबलुङ आ. वि. गोरेटोबाटो** उपभोक्ता समितिलाई रु. ३,९९,९७०।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखित आइटमको स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरी रु. ८४१३४।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| आइटम | कार्य परिमाण (घ.मी.) | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| पीसीसी (१:२:४) | १०.२० | १०७२२।६८ | १३४५४।०६ | २७३१।३८ | २७८६० |
| स्टोन मेसनरी (१:६) | २१.०० | ८२४४।५० | १०९२४।२२ | २६७९।७२ | ५६२७४ |
| | | | | **जम्मा** | **८४१३४** |

| असुल गर्नुपर्ने | ८४,१३४ |
|---|---|

४७.३ **भौ. नं. १५१-०८१।२।१६ (गा. पा. पुँजीगत)**

**नोवतेश्वर महादेवस्थान** उपभोक्ता समितिलाई रु. ३,००,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखित आइटमको स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरी रु. ५५८९७।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| आइटम | कार्य परिमाण (घ.मी.) | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| पीसीसी (१:२:४) | ६.१८ | १०७२२।६८ | १३४५४।०६ | २७३१।३८ | १६८८० |
| स्टोन मेसनरी (१:६) | १४.५६ | ८२४४।५० | १०९२४।२२ | २६७९।७२ | ३९०१७ |
| | | | | **जम्मा** | **५५८९७** |

| असुल गर्नुपर्ने | ५५,८९७ |
|---|---|

४७.४ **भौ. नं. ७७-०८०।१२।२५ (गा. पा. पुँजीगत)**

**सिन्दुर्चे – जुगल भ्यु प्वाइण्ट सडक स्तरोन्नति** उपभोक्ता समितिलाई रु. ८,००,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा ब्याकफिलिङ्ग कार्यको भुक्तानी एक्साभेशन दरबाट गरेको पाइयो । ब्याकफिलिङ्ग कार्यको स्वीकृत दर प्रति घ. मी. रु. ३७४।७१ रहेकोमा रु.६८५।८१ का दरले भुक्तानी गरेको पाइयो । जसअनुसार प्रति घ. मी. रु.३११।१० का दरले २१०.९६ घ. मी. को रु.६५,६३०।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ६५,६३० |
|---|---|

४७.५ **भौ. नं. १३५-०८१।१।२७ (गा. पा. पुँजीगत)**

**होङ्दोङ - हिलेबेँसी सिँचाइ योजना** उपभोक्ता समितिलाई रु. ७,९१,८००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा ब्याकफिलिङ्ग कार्यको भुक्तानी एक्साभेशन दरबाट गरेको पाइयो । ब्याकफिलिङ्ग कार्यको स्वीकृत दर प्रति घ. मी. रु. ३७४।७१ रहेकोमा रु.६८५।८१ का दरले भुक्तानी गरेको पाइयो । जसअनुसार प्रति घ. मी. रु.३११।१० का दरले ६८.४० घ. मी. को रु.२१,२७९।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २१,२७९ |
|---|---|

४७.६ **भौ. नं. २३७-०८१।३।१३ (गा. पा. पुँजीगत)**

**गजुरिङ सिँचाइ योजना** उपभोक्ता समितिलाई रु. ७,६७,८००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा ब्याकफिलिङ्ग कार्यको भुक्तानी एक्साभेशन दरबाट गरेको पाइयो । ब्याकफिलिङ्ग कार्यको स्वीकृत दर प्रति घ. मी. रु. ३७४।७१ रहेकोमा रु.६८५।८१ का दरले भुक्तानी गरेको पाइयो । जसअनुसार प्रति घ. मी. रु.३११।१० का दरले ८४.३६ घ. मी. को रु.२६,२४४।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २६,२४४ |
|---|---|

४७.७ **<u>भौ. नं. १५४-०८१।२।१८ (गा. पा. पुँजीगत)</u>**

**डल्लेपोखरी डाँडाटोल सिँढी बाटो निर्माण** उपभोक्ता समितिलाई रु. ९,७०,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा स्टोन सोलिङ्ग कार्यको स्वीकृत दर प्रति घ. मी. रु. ४२५५।२७ रहेकोमा रु.६२५३।३४ का दरले भुक्तानी गरेको पाइयो । जसअनुसार प्रति घ. मी. रु.१९९८।०७ का दरले ३३.९७ घ. मी. को रु.६७,८७४।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,८७४ |

४७.८ **<u>भौ. नं. १५९-०८१।२।१८ (गा. पा. पुँजीगत)</u>**

**खानीगाउँ सिँढी बाटो निर्माण उपभोक्ता समिति**लाई रु. ७,७१,६००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा स्टोन सोलिङ्ग कार्यको स्वीकृत दर प्रति घ. मी. रु. ४२५५।२७ रहेकोमा रु.६२५३।३४ का दरले भुक्तानी गरेको पाइयो । जसअनुसार प्रति घ. मी. रु.१९९८।०७ का दरले १८.९४ घ. मी. को रु.३७,८४३।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,८४३ |

४७.९ **भौ. नं. २३३-०८१।३।१३ (गा. पा. पुँजीगत)**

**घ्युलदेवी आ वि निर्माण** उपभोक्ता समितिलाई रु. ७,७१,६००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा स्टोन सोलिङ्ग कार्यको स्वीकृत दर प्रति घ. मी. रु. ४२५५।२७ रहेकोमा रु.६२५३।३४ का दरले भुक्तानी गरेको पाइयो । जसअनुसार प्रति घ. मी. रु.१९९८।०७ का दरले १३.४२ घ. मी. को रु.२६,८१४।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,८१४ |

४७.१० **<u>भौ. नं. २८६-०८१।३।२२ (गा. पा. पुँजीगत)</u>**

**मञ्जुश्री पार्क निर्माण** वापत हगाम टोल विकास संस्थालाई रु. १८,७७,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा बृक वर्कको स्वीकृत दर प्रति घ. मी. रु. २०३६८।१९ रहेकोमा रु.२२५५९।६३ का दरले भुक्तानी गरेको पाइयो । जसअनुसार प्रति घ. मी. रु.१८२०।५० का दरले ८.८४ घ. मी. को रु.१६,०९३।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,०९३ |

४८ **घटी लम्बाइमा कार्य**

**<u>भौ. नं. २२४-०८१।३।१० (गा. पा. पुँजीगत)</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

गोण्डेगाउँ डाङडुङ सडक स्तरोन्नति कार्यको लागि उपभोक्ता समितिलाई रु १९ लाख ४० हजार भुक्तानी दिएकोमा स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार ३९० मी. लम्बाइ र ४ मी. चौडाइमा स्टोन सोलिङ्गको कार्य गर्ने र सोको कार्य परिमाण २४५.२५ घ.मी. हुने उल्लेख छ । तर कार्यालयले स्टोन सोलिङ्गको चौडाइ तथा मोटाइ फरक पारी १९२.२० मी. लम्बाइमा मात्र स्टोन सोलिङ्ग कार्य गरी गराई पुरै परिमाणको भुक्तानी गरेको पाइयो । स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार १९२.२० मी. लम्बाइमा कार्य हुँदा स्टोन सोलिङ्गको परिमाण १२०.८६ घ.मी. मात्र हुने देखिन्छ । तर नापी किताब तथा बिलमा २४५.२६ घ.मी. समावेश गरेकोले १२४.४० घ.मी. बढी परिमाणको प्रति घ.मी. रु. ४२५५।२७ का दरले रु.५,२९,३५५।- भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,२९,३५५ |

४९ **कर्मचारी तथा अन्य व्यक्ति मार्फत् कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा सार्वजनिक खरिद तथा निर्माण सम्बन्धी कार्य प्रतिस्पर्धात्मक विधिबाट गर्नुपर्दछ । सार्वजनिक नियमावलीको नियम ९८ मा रु १ लाखसम्मको निर्माण कार्य अमानतबाट गराउन सकिने व्यवस्था रहे तापनि त्यसरी कार्य गराउँदा सोही नियमावलीको व्यवस्थाअनुसार एक तह माथिको अधिकारीको स्वीकृति समेत नलिई पालिका कार्यालयले अमानतबाट गराई भुक्तानी गर्ने गरेको पाइयो । सार्वजनिक खरिदसम्बन्धी कार्य कर्मचारी मार्फत् गराउँदा सार्वजनिक खरिदमा पारदर्शिता तथा प्रतिस्पर्धामा संकुचन आउने देखिएकोले यस्तो कार्य नियन्त्रण गरी प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्ने देखिन्छ । यसरी अमानतबाट खरिद विधिको प्रकृया समेत पुरा नगरी गरेको देहायअनुसार भुक्तानी खर्च रु. २,३६,५२४।- नियमसम्मत् नदेखिएको रु.

| **भौ.नं. (न.पा. पूँजीगत)** | **कार्य विवरण** | **भुक्तानी प्राप्त गर्ने कर्मचारीको नाम** | **रकम रु.** |
|---|---|---|---|
| ६३-०८०।१२।४ | ड्राई सिँढी निर्माण वडा नं. ६ | श्री ओम श्रेष्ठ | ७०००० |
| २११-०८१।३।६ | विद्युत पोल ढुवानी तथा जडान वडा नं. ५ | वडा सचिव वडा नं. ५ | १००००० |
| ३०१-०८१।३।२३ | शेर्माथाङ सडक मर्मत | श्री केशरमान तामाङ | ६६५२४ |
| | | **जम्मा** | **२३६५२४** |

| | |
|---|---|
| अनियमित भएको | २,३६,५२४ |

५० **उपकरणको निरीक्षण/परीक्षण तथा उपयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु, गराउनुपर्ने व्यवस्था छ । कार्यालयले गाउँपालिका पुँजीगततर्फको २०४-०८१।३।०५ भौचरबाट कम्प्रेसिभ टेष्टिङ्ग मेशिन, डिजिटल सिभ सेट को रु ५४८६०० मूल्यको निर्माण सामग्री परीक्षण (ल्याब टेष्ट) उपकरणहरु खरिद गरेकोमा उल्लिखित उपकरणहरु तोकिएको मापदण्ड तथा स्पेसिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा निरीक्षण/परीक्षण भएको देखिएन । साथै उक्त उपकरणहरु प्रयोगमा ल्याएको समेत देखिएन । अतः ती उपकरणहरुको गुणस्तर आश्वस्तताको लागि सम्बन्धित विज्ञबाट निरीक्षण/परीक्षण गराउनुपर्ने साथै खरिद भएका उपकरणहरु उपयोगमा ल्याएको प्रमाण पेश हुनुपर्ने रु.

| **भौ.नं./मिति** | **विवरण** | **फर्मको नाम** | **रकम रु.** |
|---|---|---|---|
| २०४-०८१।३।०५ | कम्प्रेसिभ टेष्टिङ्ग मेशिन, डिजिटल सिभ सेट आदि । | बी जी जनरल सप्लायर्स | ५४८६०० |
| | | **जम्मा** | ५४८६०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४२७,१९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४८,६०० |

५१ **गाउँपालिका भवन निर्माण**

**<u>भौ.नं. २१-०८०।६।२८ र ३९-०८०।९।१२ (गाउँपालिका पूँजीगत)</u>**

गाउँपालिकाले वडा नं. ५ स्थित चनौटेमा कार्यालय निर्माणको लागि २०७६।७७ मा रु. ६,३६,२०,९२६।- (मू.अ. करसहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ४,५२,३०,१७०।- (२८.९१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री शिवालय-टक्सार-कामाख्या जे.भी. (PAN-६१५३८५६८६) सँग २०७८।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७७।३।३० मा खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई गत वर्षसम्म रु. १९९५४६२३।- र यो वर्ष अन्तिम बिल बापत रु. १५०,००,०००।- समेत रु.४२१,४६,३६२।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

५१.१ **आर्.सी.सी. कार्यमा अस्वाभाविक वृद्धि**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको अवस्थामा भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिका कार्यालयले भवनको फ्रण्ट साइडमा सादा सीसाको सट्टा रङ्गीन सीसा लगाउनुपर्ने, धारा, पानी टंकी, छतमा जाने भर्‍याङ आदि आइटम र अन्य केही आइटम थप घट हुने उल्लेख गरी कार्यालयको मिति २०८०।६।०२ को निर्णयबाट -१.७५ प्रतिशतको ऋणात्मक भेरिएशन आदेश जारी गरेको देखिन्छ । संलग्न भेरिएशन शीट अनुसार आर्.सी.सी. सम्बद्ध निम्न कार्यमा अस्वाभाविक वृद्धि गरेको पाइयो ।

| **विवरण** | **Unit** | **बी ओ क्यू परिमाण** | **भेरिएशन पछिको परिमाण** | **वृद्धि प्रतिशत** |
|---|---|---|---|---|
| PCC (M20) for RCC | Cu. M. | ३८३.२३ | ४९०.४० | **२७.९६** |
| Tor Steel Bar | Kg. | ५४३११ | ७१३२७ | **३१.३३** |

कंक्रिट र डण्डीको परिमाणमा यसरी अस्वाभाविक वृद्धि सम्बन्धमा थप अध्ययन, परीक्षण गर्दा भवनको शुरुको ड्रइङ्ग डिजाइन र नापी किताब अनुसार हाल तयार भएको संरचनाको साइजमा सारभूत रुपमा भिन्नता रहेको देखिएन । ढलान गरिएको क्षेत्रफलमा देहायअनुसार ७.९२ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ ।

| **शुरुको डिजाइन/लागत अनुमान अनुसार** | | | | **नापी शीट तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार** | | |
|---|---|---|---|---|---|---|
| **विवरण** | **लम्बाइ (m)** | **चौडाइ(m)** | **क्षेत्रफल(m२)** | **लम्बाइ (m)** | **चौडाइ(m)** | **क्षेत्रफल(m2)** |
| Ground Floor | ३६.४५ | १५.८५ | ५७७.७३ | ३६.४५ | १५.८५ | ५७७.७३ |
| 1st Floor | ३६.४५ | १५.८५ | ५७७.७३ | ३६.४५ | १५.८५ | ५७७.७३ |
| 2nd Floor | ३६.४५ | १५.८५ | ५७७.७३ | ३८.८६ | १७.१७ | ६६७.२३ |
| 3rd Floor | १५.६ | ५.५५ | ८६.५८ | १८.५९ | ७.६ | १४१.२८ |
| | | | **१८१९.७७** | | | **१९६३.९७** |

उपर्युक्त तालिकका अनुसार शुरुको फ्लोर एरिया १८७७.७७ वर्गमिटर रहेकोमा हाल १९६३.९७ वर्गमिटर रहेको देखिन्छ। यस आधारमा फ्लोर एरियामा ७.९२ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ । साथै बिम तथा कोलमको संख्यामा कुनै परिवर्तन भएको

देखिँदैन । तर क्रंक्रिट र डण्डीको परिमाणमा क्रमशः २७.९६ र ३१.३३ प्रतिशतले वृद्धि गरी नापी किताब तथा बिलमा परिमाण समावेश गरेको पाइयो । स्वीकृत भेरिएशन आदेशमा अन्य सानातिना कुरा वा आइटमका बारेमा उल्लेख भए तापनि कंक्रिट र डण्डीको परिमाणमा यस्तो अस्वाभाविक वृद्धि सम्बन्धमा केही उल्लेख गरेको पाइएन। फ्लोर एरियामा भएको वृद्धि (७.९२ प्रतिशत) को आधारमा देहायअनुसार क्रंक्रिट र डण्डीको परिमाण बढी समावेश गरी भुक्तानी गरेको देखिएकोले यस सम्बन्धमा थप यकिन गरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| **विवरण** | **Unit** | **बी ओ क्यू परिमाण** | **७.९२ प्रतिशत वृद्धिको आधारमा हुने परिमाण** | **राखेको परिमाण** | **थप परिमाण** | **दर** | **थप रकम** |
|---|---|---|---|---|---|---|---|
| PCC (M20) for RCC | Cu. M. | ३८३.२३ | ४१३.५८ | ४९०.४० | ७६.८२ | १३५०० | १०३७००० |
| Tor Steel Bar | Kg. | ५४३११ | ५८६१२.४३ | ७१३२७ | १२७१५ | ९३ | ११८२४९५ |
| | | | | | | **जम्मा** | **२२१९४९५** |

| असुल गर्नुपर्ने | २२,१९,४९५ |
|---|---|

५१.२ **सम्झौता बमोजिमका केही कार्य नगरी ठेक्का फरफारक**

सम्झौताको बी ओ क्यू मा उल्लिखित सबै कार्य गराएर मात्र ठेक्का वा खरिद सम्झौता फरफारक गर्नुपर्नेमा बी ओ क्यू मा उल्लिखित कम्पाउण्ड वाल तथा गेटको कार्य (कम्पाउण्ड वाल आंशिक मात्र भएको), भवन प्राङ्गणमा दुबो रोपण लगायतका कार्य गरे गराएको देखिएन । अतः त्रुटि सच्याउने अवधिमा उक्त कार्यहरु गराएर मात्र निर्माण व्यवसायीको धरौटी फिर्ता गर्नुपर्दछ ।

५१.३ **म्याद थप तथा पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी निवेदन दिनुपर्ने तथा म्याद थपको कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्रै टुङ्ग्याउनुपर्ने व्यवस्था छ ।

निर्माण व्यवसायीसँग मिति २०७७।३।३० मा भएको खरिद सम्झौता बमोजिम यो खरिद सम्झौताको म्याद १२ महिना (२०७८।३।२५ सम्म) रहेकोमा कार्यपालिकाको २०७८।५।३० को निर्णयबाट ६ महिना अर्थात् २०७८।९।३० म्याद थप भएको देखियो । यस आधारमा खरिद सम्झौताको अवधि (२०७८।३।२५) भित्र म्याद थपको कारबाही टुङ्ग्याएको देखिएन । साथै तत् पश्चात् खरिद सम्झौताको म्याद थप भएको देखिएन । कार्यालयले खरिद नियमावली तथा खरिद सम्झौताकोको प्रावधान बमोजिम अधिकतम १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति बापत रु ४५२३०१७। कट्टी गरी २०८०।६।२८ मा निर्माण कार्य सम्पन्न भएको उल्लेख गरी उक्त खरिद सम्झौता फरफारक गरेको पाइयो ।

५२ **गाउँपालिका प्रवेशद्वार निर्माण**

**<u>भौ.नं. १४-०८०।६।२५ र ४६-०८१।९।२६ (गा.पा. पूँजीगत)</u>**

गाउँपालिकाले बलेफी र जुगल गाउँपालिकाको सीमा क्षेत्र ढाँडेमा प्रवेशद्वार निर्माणको लागि २०७९।८० मा रु. ५५,६४,४७९।- (मू.अ. करसहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. २९,९६,८६३।- (४६.१४ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री विकास निर्माण सेवा (PAN-६०५७५४७९९) सँग २०८०।३।१५ भित्र कार्य

सम्पन्न गर्ने गरी मिति २०८०।१।१२ मा खरिद सम्झौता भई निर्माण व्यवसायीलाई यो वर्ष रु. २८,८३,९०६।- भुक्तानी गरी कार्यसम्पन्न गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

५२.१ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्यसम्पन्न गर्नु पर्ने व्यवस्था छ । साथै नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।

कार्यपालिकाको मिति २०८०।६।२२ को निर्ययबाट प्रवेशद्वार निर्माण कार्यको सम्झौताको म्याद थप भई कार्य सम्पन्न गर्नुपर्ने मिति २०८०।८।३० कायम भएको देखिन्छ । तर प्राविधिकबाट तयार भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार उक्त कार्य २०८०।९।२० मात्र सम्पन्न भएको देखिएकोले मू.अ.कर बाहेकको सम्झौता रकम रु. २६,५२,०९१।- को ०.०५ प्रतिशतका दरले २० दिनको पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,५२१ |

५२.२ **म्याद थप सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो खरिद सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी निवेदन दिनुपर्ने तथा उपनियम (४) मा म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्रै टुङ्ग्याउनुपर्ने व्यवस्था छ ।

निर्माण व्यवसायीसँग मिति २०८०।१।१२ मा भएको खरिद सम्झौता बमोजिम यो खरिद सम्झौताको म्याद २ महिना रहेकोमा कार्यपालिकाको मिति २०८०।६।२२ को निर्ययबाट ५.५ महिना म्याद थप भएको देखियो । खरिद सम्झौताको म्याद २०८०।३।१५ सम्म रहेको आधारमा निर्माण व्यवसायीले २०८०।२।२५ भित्र म्याद थपको निवेदन दिइसक्नुपर्नेमा २०८०।३।०१ मा मात्र निवेदन दिएको देखियो । साथै म्याद थप सम्बन्धी कारबाही प्रक्रिया २०८०।३।१५ भित्रै टुङ्ग्याउनुपर्नेमा ३ महिना ७ दिन ढिला गरी २०८०।६।२२ मात्र म्याद थप सम्बन्धी निर्णय भएको पाइयो ।

खरिद सम्झौताको म्याद म्याद थप गर्दा निर्माण व्यवसायीबाट समयमै निवेदन प्राप्त गरी म्याद थप गर्नुपर्नाको कारण तथा अवस्था सम्बन्धमा पर्याप्त जाँचबुझ तथा विश्लेषण गर्ने, म्याद थप गर्नुपर्नाको कारण तथा आधारलाई पुष्ट्याइँ गर्ने प्रमाण कागजात संलग्न गर्ने तथा म्याद थपको कारबाही प्रक्रिया समयमै टुङ्ग्याउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

५३ **दश शय्या अस्पताल भवन निर्माण**

**<u>भौ.नं. ०३-२०८०।१२।१६, ०७-०८१।३।२८ (एकीकृत स्वास्थ्य पूर्वाधार-अन्तरसरकारी वित्त हस्तान्तरण)</u>**

गाउँपालिकाले वडा नं. ५ स्थित बराम्चीमा १० शय्या अस्पताल भवन निर्माणको लागि २०७७।७८ मा रु. १२,११,१५,४३४।- (मू.अ. करसहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ८,१०,८५,५२३।- (३३.०५ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री महादेव खिम्ती-अञ्जना-टक्सार जे.भी. सँग २०७९।११।०२ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।४।३१ मा खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई यो वर्ष २ वटा रनिङ्ग बिल बापत रु. १७२,११,५३५।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

५३.१ **म्याद थप सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था (काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराउन नसकेमा वा अन्य मनासिब कारण) परी खरिद सम्झौताको काम त्यस्तो खरिद सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी निवेदन दिनुपर्ने, उपनियम (२) मा म्याद थपको लागि प्राप्त निवेदन जाँचबुझ गर्दा सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराएको, ऐनको दफा ६७क बमोजिम छानबिनका लागि कागजात झिकाएको कारणले काममा ढिलाइ भएको वा विपद् वा काबु बाहिरको परिस्थिति रहेको अवस्थामा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्ने सक्ने व्यवस्था छ । उपनियम (४) मा म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्रै टुङ्ग्याउनुपर्ने र म्याद थपको कारबाही प्रक्रिया समयमा टुङ्ग्याउने र म्याद थप भएका खरिद सम्झौताको कार्य प्रगतिको अनुगमन, मूल्याङ्कन र कारबाही समयमै नगर्ने पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले ६ महिनाभित्र प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नुपर्ने समेत व्यवस्था छ ।

निर्माण व्यवसायीसँग मिति २०७७।७।०६ मा भएको खरिद सम्झौता बमोजिम यो खरिद सम्झौताको म्याद १८ महिना (२०७९।११।०२ सम्म) रहेकोमा कार्यपालिकाबाट ४ पटक गरी २०८१।८।३० सम्म अर्थात् २२ महिना (१२२ प्रतिशत) म्याद थप भएको देखियो । म्याद थपको फाइल परीक्षण गर्दा देहायअनुसार निर्माण व्यवसायीले समयमा निवेदन नदिएको, निवेदन पेश भएको अवस्थामा पनि कार्यालयमा दर्ता नभएको, म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्रै नटुङ्ग्याएको, म्याद थपको निर्णय गर्दा नियमावलीको व्यवस्था बमोजिम म्याद थप गर्नुपर्नाको कारण तथा अवस्था सम्बन्धमा पर्याप्त जाँचबुझ तथा विश्लेषण नभएको, म्याद थप गर्नुपर्नाको कारण तथा आधारलाई पुष्ट्याइँ गर्ने प्रमाण कागजात संलग्न नभएको लगायतका अवस्था देखियो ।

| **म्याद थप नं.** | **कायम अन्तिम म्याद** | **निवेदन दिनुपर्ने मिति** | **निवेदन दिएको मिति** | **निवेदनमा ढिलाइ अवधि** | **म्याद थपको कारबाही टुङ्ग्याएको मिति** | **म्याद थपको कारबाहीमा ढिलाइ अवधि** |
|---|---|---|---|---|---|---|
| १ | ०७९।११।०२ | ०७९।१०।११ | ०७९।१०।१३ | २ दिन | ०७९।११।०३ | २२ दिन |
| २ | ०८०।६।०१ | ०८०।५।१० | २०८०।६।११ | ३० दिन | २०८०।६।२२ | २१ दिन |
| ३ | ०८०।१०।३० | ०८०।१०।९ | ०८०।१०।२८ | १९ दिन | २०८०।११।१० | १० दिन |
| ४ | २०८१।२।३० | २०८१।२।९ | २०८१।२।७ | - | २०८१।२।२१ | - |

खरिद सम्झौताको म्याद म्याद थप गर्दा निर्माण व्यवसायीबाट समयमै निवेदन प्राप्त गरी म्याद थप गर्नुपर्नाको कारण तथा अवस्था सम्बन्धमा पर्याप्त जाँचबुझ तथा विश्लेषण गर्ने, म्याद थप गर्नुपर्नाको कारण तथा आधारलाई पुष्ट्याइँ गर्ने प्रमाण कागजात संलग्न गर्ने तथा म्याद थपको कारबाही प्रक्रिया समयमै टुङ्ग्याउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

### ५३.२ न्यून कार्य प्रगति

खरिद सम्झौताको कार्यतालिका अनुरुप भौतिक प्रगति हासिल गर्नुपर्दछ । पालिका भवन निर्माणको खरिद सम्झौताको म्याद १८ महिना रहेकोमा कार्यपालिकाबाट ४ पटक गरी २२ महिना (१२२ प्रतिशत) म्याद थप भएकोमा २०८१ आषाढ मसान्तसम्म अस्पताल भवन निर्माण कार्यको प्रगति २१.२३ प्रतिशत मात्र रहेको पाइयो । अतः सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौता बमोजिम निर्माण व्यवसायीको लापरबाही देखिएकोमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई भवन निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

## ५४ बराम्ची स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेण्टर निर्माण

**<u>भौ.नं. ५-०८१।१।२६, १६-०८१।३।०८ (प्रदेश सशर्त)</u>**

बराम्ची स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेण्टर निर्माणको लागि २०७८।७९ मा रु. ८२,४२,०९७।- (मू.अ. करसहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु.५४,६५,००२।- (३३.६९ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री डायमण्ड सिन्धु सप्लायर्स (PAN-६०९७४६८५५) सँग २०८०।१२।०१ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।१।

१९ मा खरिद सम्झौता भएकोमा समयमा ड्रइङ्ग डिजाइन तथा नक्शा उपलब्ध नभएको, स्थानीय अवरोध, भेरिएशन लगायतका कारण जनाई सम्झौताको म्याद २ पटक गरी २०८१।८।३० सम्म थप भएको देखिन्छ । निर्माण व्यवसायीलाई यो वर्ष २ वटा रनिङ्ग बिल बापत रु. ५५,९९,७७९।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

**अस्वाभाविक भेरिएशन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको अवस्थामा भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । यस खरिद सम्झौताको शुरुको रकम रु.५४,६५,००२।- रहेकोमा पालिका कार्यालयले गाउँसभाको मिति २०८०।९।२५ को निर्णयानुसार ४२.६६ प्रतिशतको भेरिएशन आदेश जारी गरी सम्झौता अङ्क रु.७७,९६,४९४।- कायम गरेको पाइयो । भेरिएशनको निर्णय फाइल अध्ययन गर्दा शुरुमा स्वास्थ्य चौकी भवनलाई स्तरोन्नति गरी १० शय्याको अस्पताल यहाँ बनाउने गाउँपालिकाको निर्णय भएको तर पछि पालिका केन्द्र, चनौटेमा अस्पताल बन्ने निर्णय हुँदा स्थानीयबाट स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेण्टर निर्माणमा अवरोध भएको, गाउँपालिकाबाट साविकमा बर्थिङ्ग सेण्टरसहितको स्वास्थ्य चौकी भवन निर्माणको लागि डीपीआर तथा स्वाइल टेष्ट नै नगरी सामान्य प्राविधिक सर्भेको आधारमा ठेक्का आह्वान भएको, निर्माण व्यवसायीले उल्लिखित कारणहरु जनाई २०७९।१०।१९ मा खरिद सम्झौता भङ्ग गर्न निवेदन पेश गरेको भए तापनि सो सम्बन्धमा कुनै निर्णय नभएको, उक्त स्वास्थ्य चौकी करिब ५००० जनसंख्याको लागि पायक पर्ने स्थानमा रहेकोले ठुलो संरचनासहितको चौकी भवन निर्माणको लागि परामर्शदाताबाट तयार भएको डीपीआर तथा स्वाइल टेष्ट प्रतिवेदन गाउँपालिकाले स्वीकृत गरे अनुसार भवनको साइज बढाउनुपर्ने भएको उल्लेख गरी उक्त भेरिएशन आदेश जारी भएको पाइयो । माथि उल्लेख भए अनुसार साविकमा बर्थिङ्ग सेण्टरसहितको स्वास्थ्य चौकी भवन निर्माणको लागि ड्रइङ्ग, डिजाइन तथा नक्शा एवम् डीपीआर नै भएको नदेखिएको र पछि खरिद सम्झौता भइसकेपछि उल्लिखित पक्षहरु सम्बोधन गर्दा भवनको लागत रु २३,३१,४९२। ले वृद्धि भई अस्वाभाविक रुपमा ४२.६६ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ । अतः साविकमा भवन निर्माणको लागि ड्रइङ्ग, डिजाइन तथा नक्शा एवम् डीपीआर नै तयार नगरी निर्माण कार्यको खरिद प्रकृया अघि बढाउने पदाधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।

## ५५ पूर्वनिर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।

कार्यालयले विभिन्न निर्माण कार्यको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न मिति खुलाउने गरेको पाइएन। निर्माण व्यवसायीले अन्तिम बिल भुक्तानीका लागि दिएको निवेदनलाई आधार मान्दा सडक सरसफाइ तथा मर्मत/सम्भारसँग सम्बन्धित कार्यका देहायका निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गरेको नदेखिएकोमा नियमानुसार लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेको देखिएन। अतः खरिद नियमावलीको प्रावधान बमोजिम देहायअनुसार हुने रु. ७९७७९।- पूर्वनिर्धारित क्षतिपूर्ति बापतको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| भौ नं./मिति | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | कार्य सम्पन्न गर्नुपर्ने मिति | कार्य सम्पन्न मिति | ढिला दिन | पूर्वनिर्धारित क्षतिपूर्ति रु. |
|---|---|---|---|---|---|---|---|
| २२-०८०।८। ११ | वडा नं ६ को सडक सरसफाइ | हगाम कन्स्ट्रक्शन एण्ड सप्लायर्स | ७१६५५२ | ०८०।७।२० | ०८०।८।७ | १६ | ५७३२ |
| २४-०८०।८। १७ | वडा नं ७ को सडक सरसफाइ | सुमेश कन्स्ट्रक्शन प्रा.लि. | ६०६४६० | ०८०।७।२० | ०८०।८। १० | १९ | ५७५७ |
| २६-०८०।८। १७ | वडा नं ५ को सडक सरसफाइ | सिद्धार्थ निर्माण सेवा | ७०४८३८ | ०८०।७।२० | ०८०।८। १० | १९ | ६६९६ |
| ३४-०८०।९। ३ | वडा नं २ को सडक सरसफाइ | सुपर जुनियर बोम्जन निर्माण सेवा | ८८३१०० | ०८०।७।२० | ०८०।८। १० | १९ | ८३८९ |
| ३६-०८०।९। ३ | वडा नं ४ को सडक सरसफाइ | सालिन कन्स्ट्रक्शन प्रा.लि. | ७५५४२९ | ०८०।७।३० | ०८०।८। १० | १० | ३७७७ |
| ४१-०८०।९। १३ | वडा नं १ को सडक सरसफाइ | कोहिनुर कन्स्ट्रक्शन प्रा.लि. | ७६२३५६ | ०८०।७।२० | ०८०।९। ११ | ४० | १५२४७ |
| ५३-०८०। ११।१५ | वडा नं ३ को सडक सरसफाइ | अबिज निर्माण सेवा | ५९४९४७ | ०८०।७।२० | ०८०।८। १५ | १५ | ४४६२ |
| १४८-०८१। २।१४ | नयाँ भवनमा पार्टिशन | अरणिमा निर्माण सेवा | १६०६६११ | ०८०।१२।३० | ०८१।१। २७ | २७ | २१६८९ |
| १६९-०८१। २।२३ | थाम्राङखोला सडक ढलान | मिङ्मा सप्लायर्स | ८९२२३० | ०८१।१।३१ | ०८१।२। १८ | १८ | ८०३० |
| | | | | | | **जम्मा** | **७९७७९।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,७७९ |

५६ **घटी लम्बाइमा कार्य**

**<u>भौ. नं. ८०-०८०।१२।८ (गा. पा. पुँजीगत)</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

डबली बराम्ची सडक स्तरोन्नति कार्यको लागि उपभोक्ता समितिलाई रु १० लाख भुक्तानी दिएकोमा स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार ३७६ मी. लम्बाइ र ३.५ मी. चौडाइमा स्टोन सोलिङ्गको कार्य गर्ने र सोको कार्य परिमाण २६३.२० घ.मी. हुने उल्लेख छ । तर कार्यालयले स्टोन सोलिङ्गको चौडाइ बढेको उल्लेख गरी ३२९.३० मी. लम्बाइमा मात्र स्टोन सोलिङ्ग कार्य गरी गराई २६३.४२ घ.मी. को भुक्तानी गरेको पाइयो । स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार ३२९.३० मी. लम्बाइमा कार्य हुँदा स्टोन सोलिङ्गको परिमाण २३०.५१ घ.मी. मात्र हुने देखिन्छ । तर नापी किताब तथा बिलमा २६३.४२ घ.मी. समावेश गरेकोले ३२.९१ घ.मी. बढी परिमाणको प्रति घ.मी. रु. ४२५५।२७ का दरले रु.१,४०,०४१।- भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४०,०४१ |

५७ **भौ. नं. ६९-०८०।१२।१३ (गा. पा. पुँजीगत)**

**बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

कार्यालयले खुन्दुर्क-गोल्वे सडक निर्माण उपभोक्ता समितिलाई रु. २९,९७,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा रोड वे एक्साभेशन तथा ढलान कार्यको लम्बाइ मेजरमेण्ट बूकमा उल्लेख भएको चेनेजभन्दा बढी राखी बढी कार्य परिमाण गणना गरेको पाइयो । अतः देहायअनुसार बढी भुक्तानी भएको देखिएको रु. ७६,१४५।- असुल हुनुपर्ने रु.

| **आइटम** | **MB अनुसार काम भएको चेनेज** | **काम भएको लं.** | **राखेको लम्बाइ** | **थप कार्य परिमाण (घ.मी.)** | **दर प्रति घ.मी.** | **बढी भुक्तानी रु.** |
|---|---|---|---|---|---|---|
| रोड वे एक्साभेशन | १+७००-१+७८६ | ८६ मी. | ९७ मी. | ९.५३ | ७२।६२ | ६९२।- |
| सडक ढलान (पीसीसी-M२०) | १+७००-१+७८६ | ८६ मी. | ९६ मी. | ६.२७ | १२०३४।०६ | ७५४५४।- |
| | | | | | **जम्मा** | **७६१४५।-** |

| असुल गर्नुपर्ने | ७६,१४५ |
|---|---|

५८ **भौ. नं. ५५, २२०-०८१।३।९ (गाउँपालिका पुँजीगत)**

**बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा लागत अनुमान तथा दर विश्लेषणबाट स्वीकृत दरको आधारमा गर्नुपर्दछ । स्वीकृत नर्म्स तथा कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार चिम्नी भट्टाको इँट्टाको गाह्रोको दर प्रति घनमिटर रु. २०३६८।१९ रहेको देखिन्छ । संलग्न बिल, बिजक अनुसार पनि चिम्नी भट्टाकै इँट्टा प्रयोग भएको देखिन्छ । तर कार्यालयले याङ्गर गुम्बा निर्माण उपभोक्ता समितिलाई उक्त कार्यको भुक्तानी गर्दा मेशिन मेड इँट्टाको दर अनुसार कायम हुने प्रति घनमिटर रु. २२१८८।६९ का दरले भुक्तानी गरेको पाइयो । जस अनुसार प्रति घनमिटर रु.१८२०।५० का दरले ३४.५० घनमिटर कार्य हुँदा रु.६२,८०७।- बढी भुक्तानी भएको देखिएकोले उक्त बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ६२,८०७ |
|---|---|

५९ **भौ. नं. १५१-०८१।२।१६ (गा. पा. पुँजीगत)**

**घटी निर्माण सामग्री**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समितिले निर्माण कार्यको भुक्तानी माग गर्दा निर्माण सामग्री तथा ज्यालाको बिल भर्पाई पेश गर्नुपर्ने व्यवस्था छ । टासी ल्हासा छयोलिङ्ग गुम्बा निर्माण उपभोक्ता समितिलाई रु. २०,८८,६००।- भुक्तानी गरेको बिल, भरपाई परीक्षण गर्दा २१.६२ घ. मी. बृक वर्क भएको र सोको लागि १२१०७ वटा इँट्टा आवश्यक पर्ने देखिन्छ । तर उपभोक्ता समितिले ५-५ हजारमा २ वटा बिलबाट १० हजार वटा मात्र इँट्टा खरिद गरेको देखिन्छ । यस आधारमा २१०७ वटा इँट्टा घटी देखिएकोले खरिद नदेखिएको निर्माण सामग्री तथा सोसँग सम्बन्धित कार्यको भुक्तानी सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ५६,०२५ |
|---|---|

६० **घटी अवधिको कार्य सम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ मा कार्यसम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधिभन्दा १ महिना पछिसम्मको हुनुपर्ने व्यवस्था छ । निम्नलिखित खरिद सम्झौताको म्याद थप भए अनुसार निर्माण व्यवसायीले कार्यसम्पादन जमानतको म्याद थप गराई पेश

गरेको देखिएकोले म्याद त्रुटि सच्याउने अवधिभन्दा १ महिना पछिसम्म मान्य अवधि भएको कार्यसम्पादन जमानत पेश हुनुपर्दछ।

| योजनाको नाम | निर्माण व्यवसायी | म्याद थपपछि कायम सम्झौताको म्याद | पेश हुनुपर्ने जमानतको म्याद | पेश भएको जमानतको म्याद | घटी अवधि | कार्य सम्पादन जमानत रकम |
|---|---|---|---|---|---|---|
| ढाँडे राम्चे बराम्ची सडक | युनिक कन्स्ट्रक्शन | २०८१।८।३० | ०८२।९।३० | ०८२।३।३० | ६ महिना | ३३७१७४० |
| जुगल भ्यू प्वाइण्ट | लक्ष्मी कन्स्ट्रक्शन | २०८१।९।२९ | ०८२।१०।२९ | ०८२।९।३० | २९ दिन | ७१९००३ |
| विशिङ्गर हगाम सडक | युनिक कन्स्ट्रक्शन | २०८१।८।३० | ०८२।९।३० | ०८२।३।३० | ६ महिना | ३२३९७९३ |
| बैकुण्ठे नाम्फा सङ्गगाउँ सडक | युनिक कन्स्ट्रक्शन | २०८१।८।३० | ०८२।९।३० | ०८२।३।३० | ६ महिना | २५५८४७४ |

## ६१ मालसामान/मेशिन औजारको निरीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरु मार्फत् वा आफैँ खरिद गर्ने गरेका विभिन्न मेशिन/औजार तथा उपकरण निरीक्षण वा परीक्षण गराउने गरेको देखिएन । साथै कतिपय मालसामान प्राविधिक स्पेसिफिकेशन तयार पारेको समेत देखिएन । अतः आपूर्ति गरिएका मालसामान तथा मेशिन/औजार तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भएको आश्वस्तताको लागि प्राविधिक स्पेसिफिकेशन निर्धारण गरी निरीक्षण वा परीक्षण गर्ने व्यवस्थ हुनुपर्दछ । मेशिन/औजारहरु खरिद भई गुणस्तर परीक्षण नभएका केही उदाहरण देहाय अनुसार छन्-

| भौ.नं./मिति | विवरण | लाभग्राही संस्था वा आपूर्तकको नाम | जम्मा भुक्तानी रु. | अनुदान रकम रु. |
|---|---|---|---|---|
| २९८-०८१।३।२३ (गा. पा. पूँजीगत) | विभिन्न क्षमतामा मिनिटिलर-८५ थान | स्मार्ट एग्रो सोलुसशन प्रा. लि. | ३११४००० | १६०७००० |
| १२८-०८१।३।२३ (न. पा. पूँजीगत) | | | | |

## ६२ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ ।

## ६३ स्वास्थ्य तर्फ

### ६३.१ तलबी प्रतिवेदन -

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य सेवा तर्फ २७ कर्मचारीहरुको तलब वापत रु. १,६३,०८,४०२।२७ खर्च लेखेको पाइयो । कानुन अनुसार तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

### ६३.२ दरबन्दी भन्दा बढी कर्मचारी -

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिका अन्तर्गतका ६ वटा स्वास्थ्य संस्थामा कुल ३६ दरबन्दी रहेकोमा ५२ जना कार्यरत रहेको पाइयो । स्वीकृत दरबन्दी भन्दा बढी संख्या हुने गरी सेवा करारमा नियुक्त गरेको पाइयो । विभिन्न पदमा १६ जना दरबन्दी भन्दा बढी करारमा नियुक्त गरी पालिकाले यो वर्ष रु. ५८,२७,७१२।- भुक्तानी गरेको पाइयो । यसरी ऐनको व्यवस्थाको प्रतिकूल दरबन्दी भन्दा बढी कर्मचारी सेवा करारमा राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५८,२७,७१२ |

## ६४ दैनिक तथा भ्रमण भत्ता

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ६५ औषधि खरिद

६५.१ पालिकाबाट खरिद गरिने र तालुक निकायबाट प्राप्त हुने औषधिको परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधि वा अन्य मालसामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख भएको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यो वर्ष पालिकाले संघीय सशर्त बजेट उपशीर्षकबाट देहायका फर्मसँग रु. २२,६१,४९०।- को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधि तथा औषधिजन्य सामग्रीमा उल्लेख हुनुपर्ने सूचना पूर्ण रुपमा रहेको छैन भने

औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिद यसको प्रयोग र मौज्दातलाई व्यवस्थित बनाउनुपर्दछ ।

| **गो.भौ.नं. । मिति** | **फर्मको नाम** | **रकम** | **खरिद विधि** | **कैफियत** |
|---|---|---|---|---|
| ३७-२०८०।१२।२ | मेडिगोल्ड इन्टरनेश्नल प्रा.लि. | ११,६१,४९७।- | बोलपत्र आव्हान गरी लागत अनुमान भन्दा ७२.१ % न्यून कबोल अंकमा सम्झौता गरी खरिद | eLMIS मा दाखिला नभएको |
| ९०-२०८१।३।९ | मेडिगोल्ड इन्टरनेश्नल प्रा.लि. | १०,९९,९९३।- | E-bid को दररेटमा सोझै वार्ता गरी खरिद | eLMIS र PAMS मा दाखिला नभएको |
| **जम्मा** | | **२२,६१,४९०।-** | | |

६५.२ **औषधिको म्याद** - आपूर्तक मेडिगोल्ड इन्टरनेश्नल प्रा.लि. सँग भएको सम्झौता बमोजिम आपूर्ति हुने औषधिहरु कार्यालयमा प्राप्त हुन आएको मितिबाट कम्तिमा १८ महिना Expiry Date (म्याद) हुनुपर्ने वा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुनुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले खरिद सम्झौता गरेका आपूर्तकको बिल परीक्षण गर्दा तोकिएको अवधिभन्दा कम म्याद रहेको देखिएको छ । तोकिए भन्दा कम म्याद भएका देहाय अनुसार रु. २,०४,९३०।- मूल्यका औषधि फिर्ता गरी पुरा म्याद भएका औषधि प्राप्त गर्नुपर्ने रु.

| सि.नं. | औषधिको विवरण | औषधिको म्याद | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | Aluminum Hydroxide | 2025 June | ४७५०० | २ | ९५००० |
| २ | Aspirin 75 mg | 2025 June | ९५० | ०.१ | ९५ |
| ३ | Azithromycin 250 mg | 2025 may | ३५०० | १५ | ५२५०० |
| ४ | Cetirizine syp. | 2025 April | ३५० | ४५ | १५७५० |
| ५ | Clotrimazole pessary 100 mg | 2025 March | ७० | १ | ७० |
| ६ | Clotrimazole mouth paint | 2025 April | ७० | १२० | ८४०० |
| ७ | Clotrimazole syp | 2025 June | ७०० | ०.१ | ७० |
| ८ | Cloxacillin dry syrup | 2025 April | ३५० | २ | ७०० |
| ९ | Doxycycline 100 mg | 2025 April | ७००० | ०.१ | ७०० |
| १० | Hyoscine butyIbromede | 2025 June | ९५०० | १ | ९५०० |
| ११ | IFA Tab | 2024 May | १०५००० | ०.१ | १०५०० |
| १२ | IV Cannula | 2025 May | १४० | ४५ | ६३०० |
| १३ | Lignocaine 2% inj. | 2025 March | ७० | १ | ७० |
| १४ | Metronidazole 200 mg | 2025 Jan | ७०० | २ | १४०० |
| १५ | Normal Saline 500 ml | 2025 Feb | ७० | ०.१ | ७ |
| १६ | Permethrin 5% Cream | 2025 June | ३५० | ०.१ | ३५ |
| १७ | Permethrin 1% lotion 100 ml | 2025 June | ३५० | ०.१ | ३५ |
| १८ | Rectified spirit | 2025 Feb | १७५ | ०.१ | १७.५ |
| १९ | Ringer lactate 500 ml | 2025 June | ७० | १ | ७० |
| २० | Rubber Catheter | 2025 Feb | ७० | १ | ७० |
| २१ | Silk 2-0 | 2025 Feb | ७० | १ | ७० |
| २२ | Surgical Blade | 2025 Feb | ७० | १ | ७० |
| २३ | Zinc 20 mg 2025 | 2025 May | ३५००० | ०.१ | ३५०० |
| **जम्मा** | | | | | **२,०४,९३०।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०४,९२९.५ |

६६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तर्जुमा भएको छ । कार्यक्रम अन्तर्गत पालिकाका ७ वटा वडामा देहाय बमोजिमका योजना सञ्चालन गरी यो वर्ष ८२ जनालाई औसतमा ९५.५६ दिन रोजगारी उपलव्ध गराई रु. ५३,२६,८००।– ज्याला प्रदान गरेको देखिन्छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका

योजना छनौट गर्दा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| वडा नं. | योजनाको नाम | विनियोजित बजेट (संघीय सशर्त) | गाउँपालिका साझेदारी | श्रमिकको संख्या | खर्च भएको रकम |
|---|---|---|---|---|---|
| १ | बाँदररुख प्रधानटोल घडी कुवा भिमसेनथान गोरेटो बाटो मर्मत | २५९२०० | १००००० | ४ जना | २५९२०० |
| | मानेडाँडा घुन्सा गोरेटो बाटो मर्मत | २५९२०० | ५०००० | ४ जना | २५९२०० |
| | मान्दाङ्टोल च्याखुर पाईनटोल गोरेटो बाटो मर्मत | २५९२०० | ७५००० | ४ जना | २५९२०० |
| २ | सञ्चगाउँ मसानघाट टर्ष निर्माण | ३८८८०० | १५०००० | ६ जना | ३८८८०० |
| | तार्के सामुदायिक भवन निर्माण | ३८८८०० | १०५००० | ६ जना | ३८८८०० |
| ३ | पाङ्गर्पु भिमसेनथान जाने गो बा मर्मत | २५९२०० | ५०००० | ४ जना | २५९२०० |
| | क्याङसिङ बस्ती सडक सोलिङ | २५९२०० | १२५००० | ४ जना | ३८४२०० |
| | गुम्बा क्याङसिङ सडक सोलिङ | २५९२०० | १२५००० | ४ जना | ३८४२०० |
| ४ | मान्द्रा सडक सोलिङ तथा ग्याविन | ७४८००० | ३००००० | ११ जना | ७४८००० |
| ५ | राम्चे अदामारा च्यानडाँडा गोरेटो बाटो मर्मत | ३२४००० | ७५००० | ५ जना | ३२४००० |
| | सेतीदेवी दामोङ पोखरी गोरेटो बाटो मर्मत | १९४४०० | १००००० | ३ जना | १९४४०० |
| | सिम्पानी लाकुरी डाँडा गोरेटो बाटो मर्मत | १२९६०० | ५०००० | २ जना | १२९६०० |
| | काँडे तुसारे लुइनडाँडा गोरेटो बाटो मर्मत | १२९६०० | २५००० | २ जना | १२९६०० |
| ६ | वडा नं ६ गोरेटोबाटो मर्मत | ७५५६०० | ३००००० | १२ जना | ७५५६०० |
| ७ | सम्बोडे देखि याङ्लाकोटडाँडा सम्म सोलिङ | ७१२८०० | ३००००० | ११ जना | ७१२८०० |
| **जम्मा** | | **५३२६८००** | **१९३००००** | **८२ जना** | **५३२६८००** |

६७ **कार्यक्रम संचालन नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस वर्ष प्राप्त सशर्त बजेटमध्ये बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत देहाय अनुसारको कार्यक्रमहरु संचालन हुन नसकी रकम फ्रिज भएको देखियो । वार्षिक रुपमा विनियोजन हुने रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हासिल हुने देखिँदैन । अतः तोकिए अनुसारको कार्यक्रम कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम |
|---|---|---|
| १ | किसान सूचीकरण कार्यक्रम | २,४९,०००।- |
| २ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | १,५०,०००।- |
| ३ | क्षयरोग नियन्त्रण – समुदाय परिचालन सम्बन्धी कार्यक्रम | ९७,०००।- |
| ४ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | ८५,०००।- |
| ५ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अद्यावधिक कार्यक्रम | १,००,०००।- |
| **जम्मा** | | **६,८१,०००।-** |

६८ **लघुउद्यम कार्यक्रम**

गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेड्पा) अन्तर्गत यस वर्ष रु. १३,००,०००।- विनियोजन भएकोमा रु. १०,५४,०५२।– खर्च भएको पाइयो । पालिकाले यस वर्ष देहाय बमोजिमका ३ वटा प्राविधिक सीपमूलक तालिम संचालन गरी ४७ जनालाई तालिम प्रदान गरी प्रविधि हस्तान्तरण गरेको जनाएको छ ।

| सि.नं | तालिम | सहभागी | अवधि | खर्च रकम |
|---|---|---|---|---|
| १ | व्यवसाय सचेतना तथा लैंगिक तथा सामाजिक समावेशीकरण तालिम | ३७ जना | ७ दिन | १९,१००।- |
| २ | तरकारी खेती व्यवसाय तालिम | १० जना | ३ दिन | १,८०,६३०।- |
| ३ | गलैंचा व्यवस्थापन सिप तालिम | १७ जना | ९० दिन | १,८८,०००।- |
| **जम्मा** | | | | **७,३६,४६०।-** |

गरिबी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी सम्पन्न कार्यक्रमहरुको प्रभावकारिता एवं तालिम पश्चातको रोजगारी सृजनाको अवस्था सम्बन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

६९ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गत वर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित बेगर तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी संघीय सशर्त बजेट उपशीर्षकबाट गत वर्षको लम्पी स्कीन रोगको खोप खरिद वापत रु. ५२,०००।- को विल भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५२,००० |

७० **आलु पकेट विकास कार्यक्रम**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने व्यवस्था गरिएको छ । पकेट क्षेत्र निर्धारण प्राविधिक समितिको २०७९।१०।१७ को बैठकको निर्णय बमोजिम पालिकाले आ.व. २०७९।८० मा नयाँ आलुबाली विकास कार्यक्रमको क्षेत्र वडा नं. २ को गोल्चे गाउँ (२५० रोपनी) र वडा नं. ४ को डल्लेपोखरी क्षेत्र (२५० रोपनी) निर्धारण गरी कृषकहरु छनौट गरेको पाइयो । यो वर्ष आलु पकेट विकास कार्यक्रम निरन्तरता तर्फ विनियोजन भएको रु. ६,००,०००।- र गाउँपालिका बजेट तर्फ १५,००,०००।- थप गरी मिनी टिलर खरिद वापतको बिल भुक्तानी गरेको छ । खरिद भएका मिनी टिलर मध्ये वडा नं. २ मा रु. १,३५,०००।- को ७ थान र वडा नं. ४ मा रु. २,४०,०००।- को १४ थान गरी जम्मा रु. ३,७५,०००।- को २१ थान मिनी टिलर वितरण भएको पाइयो । यसरी तोकिएको कार्यक्रम नगरेको तथा एक कार्यक्रमको लागि विनियोजित रकमबाट फरक कार्यक्रम गरेको मनासिब देखिएन । तोकिएको मापदण्ड तथा शर्त बमोजिम अनुदान रकम निर्धारित कार्यमा खर्च गर्नुपर्दछ ।

## ७१ सामाजिक सुरक्षा भत्ता

आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको पाइयो ।

| पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|
| १८३०३ | १०४७७ | १४.३० | १०८१३०६४० |

यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-

### ७१.१ दोहोरो नाम तथा नागरिकता नम्बर परेका लाभग्राही

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार प्रत्येक स्थानीय तहका वडा कार्यालयहरुले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी त्रैमासिक रुपमा रकम निकासा गर्नुपर्दछ। एम.आई.एस लगत परीक्षण गर्दा तपसिलको लाभग्राहीहरुको नाम र नागरिकता नं. एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश हुनुपर्ने र दोहोरो हुनेगरी बैक खातामा जम्मा भएको रकम असुल गर्नुपर्ने रु.

| वडा नं | लाभग्राहीको नाम | नागरिक्ता नं | जम्मा निकासा | कैफियत |
|---|---|---|---|---|
| ४ | साङ दोर्जे तामाङ | १३२६४५५६६ | ४८००० | चार वटा त्रैमासिक निकासा भएको। |
| १ | कुमारी मगर | २११५४१४६ | ३१९५० | |
| **जम्मा** | | | **७९९५०** | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,९५० |

### ७१.२ लगत कट्टा गर्नुपर्ने लाभग्राहीको नाममा निकासा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७, को दफा ११ मा लगत कट्टा गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । साथै, सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्नेछ ।कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियामावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ । कुनै लाभग्राहीका प्रचलित कानून बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नु पर्नेछ । पालिकाले देहायका लाभग्राहीको विगतवर्ष देखि विविध कारणले लगत कट्टा गर्नुपर्ने देखाएको छ । आर्थिक वर्ष २०८०।८१ को पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमा रु १५६६३०१.७१ देहाय लाभग्राहीको खातामा निकासा भएको सामाजिक सुरक्षा भत्ता फिर्ता गरी सामाजिक सुरक्षा कोषमा जम्मा गरेको देखिन्छ। अन्तिम त्रैमासिक किस्ता वापत देहाय लाभग्राहीको खातामा ४२७१५८ निकासा भएको देखिएकोले ऐन र कार्यविधिले गरेको व्यवस्था बमोजिम कारण खुलाई लगत कट्टा गरी निकासा भएको रकम असुल गरी दाखिला रु.

**(विस्तृत विवरण बेरूजु दफा ७१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२७,१५८ |

७१.३ **नागरिकता नम्बर एकै भएका लाभग्राही**

नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. एक व्यक्तिको एकै हुने गरी जारी गर्दछ । यस पालिका अन्तर्गतका वडाको प्रथम त्रैमासिकको लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता निकासाको विवरण नमुना परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता प्रमाणपत्र नं. दोहोरो परेको देखिएको छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको लाभग्राहीहरुको विवरण परीक्षण गरी लगत कट्टा गर्ने वा दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम. आइ. एस. प्रणालीमा अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

| वडा नं | लाभग्राहि नाम | नागरिक्ता नंम्बर | रकम पहिलो त्रैमासिक निकासा |
|---|---|---|---|
| १ | कुमारी मगर | २११५४१४६ | ७९८० |
| | कुमारी मगर | २११५४१४६ | ५३२० |
| | शेर बहादुर सिलवाल | २३८४०७४ | १२००० |
| | शेर बहादुर सिलवाल | २३८४०७४ | १२००० |
| | डाला कुमारी सिलवाल | ४१४१ | १२००० |
| | सार्किनी तामाङ | ४१४१ | ११९७० |
| २ | जल बहादुर लामा | ३०७२ | १२००० |
| | कान्छी पार्खिन | २४३०३८६६८ | १२००० |
| | कान्छी पार्खिन | २४३०३८६६८ | १२००० |
| | Nge Lamo Syangbo | १३८२२५ | १२००० |
| | पेमसाङ्ग लामा | २४३०३८२ | १२००० |
| | शनशेर बहादुर सिलवाल | ३५३१ | १२००० |
| | सानु माई गोले | २४३०३८२ | १२००० |
| | शनशेर बहादुर सिलवाल | ३५३१ | १२००० |
| | सोम माई तामाङ | २४३०३८३८६ | १२००० |
| | सोम माई तामाङ | २४३०३८३८६ | १२००० |
| | सोम रानी स्याङबो | ३५४२ | १२००० |
| | सोम रानी तामाङ | ३५४२ | १२००० |
| | सुन रानी तामाङ | १४२ | १२००० |
| | Tingching Lama | १३८२२५ | १२००० |
| | सोम राई तामाङ | १४१९६ | ७९८० |
| | सोम राई स्याङबो | १४१९६ | ७९८० |
| | तेरसङ्ग लामा | १४२ | ७९८० |
| | दावा स्याङबो दोङ | ३०७२ | ११९७० |
| ४ | साङ्ग दोर्जे तामाङ | १३२६४५५६६ | १२००० |
| | साङ्ग दोर्जे तामाङ | १३२६४५५६६ | १२००० |
| ५ | माइला कामी | १९१५ | १२००० |
| | माइला कामी | १९१५ | १२००० |
| | टुली लामा | ५६७१ | १२००० |
| | विष्णुमाया घिमिरे | ५६७१ | ७९८० |
| | | | |

| | | | |
|---|---|---|---|
| | फाक्ची लामा | १५७०८७ | ७९८० |
| | स्याङ्ग डोल्मो लामा | १५७०८७ | ७९८० |
| ७ | मोर्मिन तामाङ | ४२९ | १२००० |
| | सरिमाया तामाङ | ४२९ | ७९८० |

७१.४ **लगत कट्टा पश्चात सामाजिक सुरक्षा निकासा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९) बमोजिम निष्क्रृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जीकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन । उक्त कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मात्र निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रीको परीक्षण गर्दा तपसिल बमोजिमका मृत्यु भएका लाभग्राहीहरुको लगत कट्टा गरी पश्चात पनि रकम लाभग्राहिको बैकँ खातामा जम्मा गरेको देखिएकोले नगरपालिकाले आवश्यक छानवीन गरि बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| वडा नं. | लाभग्राहीको नाम | लगत कट्टा मिति | निकासा रकमरु. | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|
| २ | **मैचा दोङ** | **२०८०।६।१८** | १२००० | ९६०० | दोस्रो त्रैमासिकमा पुरै निकासा |
| | **बोम्बा लामा** | **२०८०।६।३०** | १२००० | १२००० | दोस्रो त्रैमासिकमा पुरै निकासा |
| | **मतलाल तामाग** | **२०८०।८।६** | १२००० | ७२०० | दोस्रो त्रैमासिकमा पुरै निकासा |
| ३ | **सिं बहादुर तामाङ** | **२०८०।१०।२९** | १२००० | ८००० | दोस्रो त्रैमासिकमा पुरै निकासा |
| | **ङाजोक शेर्पा** | **२०८१।१।२२** | १२००० | ९०६६ | चौथो त्रैमासिकमा पुरै निकासा |
| | **धनबहादुर तामाङ** | **२०८१।१।२६** | १२००० | ८५३३ | चौथो त्रैमासिकमा पुरै निकासा |
| | **तोम्देन लामा** | **२०८०।११।१०** | २४००० | १८६६६ | तेस्रो त्रैमासिकमा पुरै निकासा |
| | **बुदु माला लामा** | **२०८०।१०।२७** | २४००० | २०४०० | तेस्रो र चौथो त्रैमासिकमा पुरै निकासा |
| ४ | **कुमारी श्रेष्ठ** | **२०८१।२।३२** | १२००० | ४००० | चौथो त्रैमासिकमा पुरै निकासा |
| | **बुद्धलक्ष्मी सापकोटा** | **२०८१।२।२८** | १२००० | ४४०० | चौथो त्रैमासिकमा पुरै निकासा |
| | **डेम्मा सिंगी तामाङ** | **२०८१।२।२३** | १२००० | ५०६६ | चौथो त्रैमासिकमा पुरै निकासा |
| ६ | **चरीमाई तामाङनी** | **२०८०।८।१५** | १२००० | ६००० | दोस्रो त्रैमासिकमा पुरै निकासा |
| | **विन्दुमाई तामाङ** | **२०८०।१०।२५** | १२००० | ८६६६ | तेस्रो त्रैमासिकमा पुरै निकासा |
| ७ | **सूर्यलाल तामाङ** | **२०८०।६।१८** | २४००० | २१६०० | पहिलो र दोस्रो त्रैमासिकमा पुरै निकासा |
| | **मोति माई तामाङ** | **२०८१।२।१०** | १२००० | ६६६६ | चौथो त्रैमासिकमा पुरै निकासा |
| | **धन बहादुर तामाङ** | **२०८१।२।२४** | १२००० | ४८०० | चौथो त्रैमासिकमा पुरै निकासा |
| | **मायारानी तामाङ** | **२०८०।११।११** | १२००० | ६५३३ | तेस्रो त्रैमासिकमा पुरै निकासा |
| | **विविरानी तामाङ** | **२०८०।११।१६** | १२००० | ५८६५ | तेस्रो त्रैमासिकमा पुरै निकासा |
| **जम्मा** | | | | **१६७०६१** | |

| असुल गर्नुपर्ने | १,६७,०६१ |
|---|---|

## ७१.५ नाम तथा खाता नम्बर एउटै भएका लाभग्राही

बैंकले जारी गर्ने बैंक खाता नम्बर एक व्यक्तिको एकै हुने गरी जारी गर्दछ । यस पालिका अन्तर्गतका लाभग्राहीको सम्पुर्ण त्रैमासिक जाँच गर्दा देहाएका लाभग्राहीको नाम र बैंक खाता नम्बर एउटै परेको देखिन्छ । वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको लाभग्राहीहरुको विवरण परीक्षण गरी लगत कट्टा गर्ने वा दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम. आइ. एस. प्रणालीमा अद्यावधिक गर्नुपर्दछ । दोहोरो नाम तथा खाता नम्बर परेका लाभग्राहीको लगत कट्टा गरी निकासा भएको रकम असुल गरी सामाजिक सुरक्षा कोषमा जम्मा गरिनुपर्ने रु.

| क्र.सं. | परिचयपत्र नं. | नाम | वडा नं | सामाजिक सुरक्षाको किसिम | बैंक खाता नं. | कुल निकासा बजेट |
|---|---|---|---|---|---|---|
| १ | 2006113001783 | वि पि रानी तामाङ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | 2670216358400000 | ४८००० |
| २ | 2011030703909 | विपिरानी तामाङ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | 2670216358400000 | ४८००० |
| ३ | 1995123071193 | साइला तामाङ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | 2670171301300000 | ४८००० |
| ४ | 2010102504013 | साइला तामाङ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | 2670171301300000 | ४८००० |
| ५ | 2007123273339 | वीर बहादुर तामाङ | ४ | अन्य जेष्ठ नागरिक भत्ता | 2670195598800000 | ४८००० |
| ६ | 2005102501837 | वीर बहादुर तामाङ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | 2670195598800000 | ४८००० |
| ७ | 2008121102314 | बगने तामाङ | ४ | अन्य जेष्ठ नागरिक भत्ता | 2670239837500000 | ४८००० |
| ८ | 2000123098644 | वगने तामाङ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | 2670239837500000 | ४८००० |
| ९ | 2004123039901 | कर्म शेर्पा | २ | अन्य जेष्ठ नागरिक भत्ता | 2670161823200000 | ४८००० |
| १० | 2001111205924 | कर्मा शेर्पा | २ | अन्य जेष्ठ नागरिक भत्ता | 2670161823200000 | ४८००० |
| ११ | 2038121300535 | जेठिमाया तामाङ | ७ | विधवा | 2670163213200000 | ३१९२० |
| १२ | 2001070500762 | जेठी माया तामाङ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | 2670163213200000 | ४८००० |

| असुल गर्नुपर्ने | २,७१,९२० |
|---|---|

## ७२ बहुक्षेत्रीय पोषण सुधार कार्यक्रम

यस कार्यक्रम अन्तर्गत पोषण सुधारका लागि विपन्न समुदायको महिला समूह वा सहकारीलाई विपन्न सदस्यको आयआर्जन सुधारका लागि अनुदान कार्यक्रममा यो वर्ष रु. ६,००,०००।- विनियोजन भएकोमा रु. ४,९७,२००।- खर्च भएको पाइयो । पालिकाले गुच्छेश्वरी आमा समूहसँग सम्झौता गरी जम्मा २५ जना अति विपन्न सुनौला हजार दिनको आमाहरुलाई ४८ मल्ला बाख्रा वितरण तथा खोर निर्माण गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

पालिका र गुच्छेश्वरी आमा समूहसँग मिति २०८०।१२।१३ मा भएको सम्झौता बमोजिम अनुगमन टोलीको प्रतिवेदन तथा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन प्राप्त गरे पश्चात समूहलाई रु. ६,००,०००।- अनुदान रकम उपलब्ध गराउने उल्लेख छ । प्रस्ताव बमोजिमका बाख्रा खरिद, खोर निर्माण, निर्माण सामाग्री खरिद लगायतका कृयाकलापहरुमा आमा समूहको भूमिका न्यून रहेको पाइयो । भुक्तानी सिफारिसको लागि रु. ६,००,०००।- को टिप्पणी र आदेश पेश भएकोमा स्वीकृत बजेट भन्दा कम रकम निकासा भई आएको जनाई घटी कार्यसम्पन्न भएको भनी पालिकाबाट रु. ४,९७,२००।- मात्र भुक्तानी भएको छ । पालिकाको अनुगमन समिति र प्राविधिकले प्रभावकारी अनुगमन गरी कार्यसम्पन्न प्रतिवेदन यथार्थपरक बनाउनुपर्दछ ।

## ७३ प्रविधि हस्तान्तरण

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २(ण) मा “प्रविधि हस्तान्तरण” भन्नाले व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नति गर्नको लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने र त्यस्तो मेसिन उपकरण खरिद गर्नको लागि लागत साझेदारीमा सहयोग गर्ने वा त्यस्तो उपकरण वा मेसिन सञ्चालन गर्न आवश्यक पर्ने विशेष प्रकारको सीप सिकाउने कार्यलाई समेत जनाउने भनी परिभाषित गरेको छ । पालिकाले कार्यक्रम अन्तर्गत रु. १,०६,०४०।- मूल्यको ३ वटा बोयर जातको व्याड बोका खरिद गरी ७ जना कृषकहरूलाई हस्तान्तरण गरेकोमा उक्त कार्य निर्देशिकाले तोके बमोजिमको प्रविधि हस्तान्तरणको परिभाषासँग मेल खाएको देखिएन । तसर्थ निर्देशिका बमोजिमका तोकिएका कार्य गर्नुपर्ने देखिन्छ ।

## ७४ शिक्षक दरबन्दी र पदपूर्ति स्थिति

आर्थिक वर्ष २०८०।०८१ मा पालिका भित्रका ४२ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्ति को अवस्था देहाय बमोजिम रहेको।

| क्र. सं. | विद्यालयको नाम | जम्मा दरबन्दी | पदपूर्ति मध्ये | | | रिक्त सं. |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | करार | |
| १ | कुनेगाउँ आ.वि. | १ | ० | १ | | |
| २ | सिङ्गेश्वरी आ.वि. | २ | १ | १ | | |
| ३ | नागराजा आ.वि. | ६ | ४ | २ | | |
| ४ | गोरखनाथ आ.वि. | ० | ० | | | |
| ५ | सेलाङ आ.वि. | १ | १ | | | |
| ६ | पाँचपोखरी आ.वि. | १ | ० | | १ | |
| ७ | देउराली आ.वि. | २ | २ | | | |
| ८ | सेलाङ मा.वि. | १० | २ | ८ | | |
| ९ | निम्लुङ आ.वि. | ३ | ० | | ३ | |
| १० | घ्यूलदेवी आ.वि. | ५ | २ | २ | १ | |
| ११ | सिन्दुर्चे आ.वि. | ० | ० | | | |
| १२ | सातकन्या आ.वि. | ४ | २ | १ | १ | |
| १३ | घ्यूलदेवी आ.वि. | २ | २ | | | |
| १४ | सोलेथाना आ.वि. | २ | ० | १ | १ | |
| १५ | जुगल आ.वि. | २ | २ | | | |
| १६ | भीमसेन मा.वि. | ८ | ४ | ३ | १ | |
| १७ | क्याब्लुङथाङ आ.वि. | ६ | २ | १ | ३ | |
| १८ | तेम्बाथाङ आ.वि. | ३ | १ | | २ | |
| १९ | गोण्डेगाउँ आ.वि. | १ | ० | १ | | |
| २० | क्याङसिङ आ.वि. | १ | ० | | १ | |
| २१ | बोल्दे आ.वि. | ६ | २ | १ | ३ | |
| २२ | सेतीदेवी मा.वि. | ८ | ४ | ४ | | |
| २३ | ब्रम्हायणी आ.वि. | ३ | २ | १ | | |
| २४ | नवज्योती आ.वि. | ० | ० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| २५ | आदर्श आ.वि. | ३ | १ | २ | | |
| २६ | गौतम आ.वि. | २ | २ | | | |
| २७ | डल्लेपोखरी आ.वि. | २ | २ | | | |
| २८ | कालीदेवी मा.वि. | ११ | ३ | ६ | २ | |
| २९ | भूमेश्वरी आ.वि. | ० | ० | | | |
| ३० | सिङ्गमाई आ.वि. | ० | ० | | | |
| ३१ | दोबडपोखरी आ.वि. | ५ | ४ | १ | | |
| ३२ | सेतीदेवी मा.वि. | ८ | १ | ६ | १ | |
| ३३ | रत्नराज्य मा.वि. | १६ | ९ | ४ | २ | १ |
| ३४ | रामेश्वर मा.वि. | १० | ५ | ४ | १ | |
| ३५ | आधारभूत विद्यालय | ३ | २ | १ | | |
| ३६ | कालीदेवी आ.वि. | ३ | १ | १ | १ | |
| ३७ | जुगल मा.वि. | ६ | ३ | १ | २ | |
| ३८ | वनकालीदेवी मा.वि. | ६ | २ | ३ | १ | |
| ३९ | सिद्धार्थ आ.वि. | ० | ० | | | |
| ४० | कलंशा आ.वि. | २ | १ | | १ | |
| ४१ | पञ्चकन्या आ.वि. | ६ | ४ | १ | १ | |
| ४२ | जलदेवी मा.वि. | ११ | ३ | ६ | २ | |
| **जम्मा** | | **१७१** | **७६** | **६३** | **३१** | **१** |

उक्त विवरण अनुसार पालिकामा जम्मा दरबन्दी रहेकोमा ७६ जना स्थायी पदपूर्ति र ९४ जना राहत/करार समेत गरी जम्मा १७० पदपूर्ति भएको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ७५ शिक्षक विद्यार्थी अनुपात

संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

| क्र स | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | जम्मा दरबन्दी | पदपूर्ति संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | कुनेगाउँ आ.वि. | २५ | १ | १ | २५ |
| २ | सिङ्गेश्री आ.वि. | ३२ | २ | २ | १६ |
| ३ | नागराजा आ.वि. | १३० | ६ | ६ | २२ |
| ४ | गोरखनाथ आ.वि. | ८ | ० | ० | ० |
| ५ | सेलाङ आ.वि. | ५१ | १ | १ | ५१ |
| ६ | पाँचपोखरी आ.वि. | ५१ | १ | १ | ५१ |
| ७ | देउराली आ.वि. | ३१ | २ | २ | १६ |
| ८ | सेलाङ मा.वि. | २६० | १० | १० | २६ |
| ९ | निम्लुङ आ.वि. | ७१ | ३ | ३ | २४ |
| १० | घ्यूलदेवी आ.वि. | १३३ | ५ | ५ | २७ |
| ११ | सिन्दुर्चे आ.वि. | ४ | ० | ० | ० |
| १२ | सातकन्या आ.वि. | ९८ | ४ | ४ | २५ |
| १३ | घ्यूलदेवी आ.वि. | ४३ | २ | २ | २२ |
| १४ | सोलेथाना आ.वि. | ४९ | २ | २ | २५ |
| १५ | जुगल आ.वि. | ३५ | २ | २ | १८ |
| १६ | भीमसेन मा.वि. | २८३ | ८ | ८ | ३५ |
| १७ | क्याब्लुङथाङ आ.वि. | २२७ | ६ | ६ | ३८ |
| १८ | तेम्बाथाङ आ.वि. | ९९ | ३ | ३ | ३३ |
| १९ | गोण्डेगाउँ आ.वि. | २१ | १ | १ | २१ |
| २० | क्याङसिङ आ.वि. | ३३ | १ | १ | ३३ |
| २१ | बोल्दे आ.वि. | २०१ | ६ | ६ | ३४ |
| २२ | सेतीदेवी मा.वि. | २१६ | ८ | ८ | २७ |
| २३ | ब्रम्हायणी आ.वि. | २७ | ३ | ३ | ९ |
| २४ | नवज्योती आ.वि. | ६२ | ० | ० | ० |
| २५ | आदर्श आ.वि. | ६३ | ३ | ३ | २१ |
| २६ | गौतम आ.वि. | ३८ | २ | २ | १९ |
| २७ | डल्लेपोखरी आ.वि. | ८४ | २ | २ | ४२ |
| २८ | कालीदेवी मा.वि. | २५७ | ११ | ११ | २३ |
| २९ | भुमेश्वरी आ.वि. | ५ | ० | ० | ० |
| ३० | सिङ्गमाई आ.वि. | ७ | ० | ० | ० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | दोबङपोखरी आ.वि. | १२६ | ५ | ५ | २५ |
| ३२ | सेतीदेवी मा.वि. | २२२ | ८ | ८ | २८ |
| ३३ | रत्नराज्य मा.वि. | ३९४ | १६ | १५ | २६ |
| ३४ | रामेश्वर मा.वि. | ३३० | १० | १० | ३३ |
| ३५ | आधारभूत विद्यालय | ५३ | ३ | ३ | १८ |
| ३६ | कालीदेवी आ.वि. | ५२ | ३ | ३ | १७ |
| ३७ | जुगल मा.वि. | १८६ | ६ | ६ | ३१ |
| ३८ | वनकालीदेवी मा.वि. | १२४ | ६ | ६ | २१ |
| ३९ | सिद्धार्थ आ.वि. | ७ | ० | ० | ० |
| ४० | कलंशा आ.वि. | ४३ | २ | २ | २२ |
| ४१ | पञ्चकन्या आ.वि. | १५४ | ६ | ६ | २६ |
| ४२ | जलदेवी मा.वि. | ३७७ | ११ | ११ | ३४ |
| जम्मा | | ४७१२ | १७१ | १७० | २८ |

उपरोक्त विवरण अनुसार शिक्षक विद्यार्थीकको औसत अनुपात १:२८ रहेको पाइयो ।जुन तोकिएको औसत भन्दा न्यून रहेको छ।

## ७६ विद्यालय र विद्यार्थी संख्या

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को विद्यालय र विद्यार्थी संख्या देहाय बमोजिम रहेको छः-

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४५ | ५५४५ |
| २ | संस्थागत विद्यालय | ० | |
| **जम्मा** | | **४५** | **५५४५** |

उल्लिखित विवरण अनुसार पालिकाको जम्मा सामुदायिक विद्यालयको संख्या ४५ र विद्यार्थी संख्या ५५४५ रहेको छ ।

## ७७ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट (शिक्षक तलब/भत्ता सहित) | १६८६८५००० | १५५३२१२२३ | ५५४५ | २८०११ |
| **जम्मा** | **१६८६८५०००** | **१५५३२१२२३** | **५५४५** | **२८०११** |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. २८,०११ रहेको पाइयो ।

## ७८ एस.ई.ई. परीक्षा नतिजा स्थिति

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा २६९ विद्यार्थी सहभागी भएकोमा सोको नतिजा देहाय बमोजिम रहेको पाइयो :-

| क्र.सं. | विद्यालयकोनाम | ठेगाना | जम्माविद्यार्थी | उत्तीर्णविद्यार्थी | ३.६१-४ | ३.२१-३.६० | २.२५-३.२० | २.२५भन्दाकम | उत्तीर्णप्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सेलाङ मावि | जुगल १ | २९ | २३ | | | २३ | | ७९.३१ |
| २ | भीमसेनमावि | जुगल २ | २३ | १३ | | १ | १२ | | ५६.५२ |
| ३ | सेतीदेवीमावि | जुगल ३ | २४ | ५ | | | ५ | | २०.८३ |
| ४ | कालीदेवीमावि | जुगल ४ | २८ | १९ | | | १९ | | ६७.८६ |
| ५ | सेतीदेवीमावि | जुगल ५ | १२ | २ | | | २ | | १६.६७ |
| ६ | रामेश्वरमावि | जुगल ५ | २५ | २४ | | ९ | १५ | | ९६.०० |
| ७ | रत्नराज्यमावि | जुगल ५ | ३९ | ३८ | | ९ | २९ | | ९७.४४ |
| ८ | जुगल मावि | जुगल ६ | २० | २० | | ४ | १६ | | १००.०० |
| ९ | वनकालीदेवीमावि | जुगल ६ | १८ | १६ | | | १६ | | ८८.८९ |
| १० | जलदेवीमावि | जुगल ७ | ५१ | ११ | | २ | ९ | | २१.५७ |
| **जम्मा** | | | **२६९** | **१७१** | | **२५** | **१४६** | | **६४.५१** |

उपरोक्त तालिका अनुसार एस.ई.ई. मा उत्तीर्ण प्रतिशत ६५.५१ मात्र रहेको देखिएकोले शैक्षिक गुणस्तरमा थप सुधार गरी नतिजा प्रभावकारी बनाउनु पर्दछ।

## ७९ अनुदानको अनुगमन

पालिका अन्तर्गत आधारभूत तहसम्म अध्ययन हुने ३२ वटा, माध्यमिक तहसम्म अध्ययन हुने १० वटा, थप ३ वटा वालविकास केन्द्र समेत ४५ वटा सरकारी विद्यालय रहेका छन् । ४५ विद्यालयमा पालिकाले निर्धारण गरेको समेत कुल १७१ दरबन्दी रहेकोमा ९४ करार/राहत समेत १७० पदपूर्ति भएको देखिन्छ । पालिका अन्तर्गतका विद्यालयहरुमा आर्थिक वर्ष भरि संघीय सशर्त बजेटबाट निम्नानुसार रु १० करोड ४२ लाख ६५ हजार तलब भत्ता लगायतमा निकासा भएकोमा पाठ्य पुस्तक, छात्रवृत्ति, दिवा खाजा लगायतमा अनुदान वितरण तथा विद्यार्थीको शैक्षिक अबस्था सम्बन्धमा नगरपालिकावाट नियमित अनुगमन भएको देखिँदैन।सामाजिक लेखापरीक्षण, आर्थिक कारोबारको लेखापरीक्षण तथा अनुदानको उचित प्रयोग र शैक्षिक अबस्थाको प्रभावकारिता सम्बन्धमा नियमित अनुगमन गर्नु पर्दछ।

| क्र सं | अनुदान विवरण | रकम |
|---|---|---|
| १ | पाठ्य पुस्तक | २९५१४०३ |
| २ | छात्रवृति | ७७२८०० |
| ३ | शिक्षक तथा कर्मचारीको तलब भत्ता | १०४२६५९७९ |
| ४ | दिवा खाजा | ८४८७५८५ |
| ५ | शिक्षण सिकाइ सामग्री अनुदान | १२०७१०० |
| ७ | इन्टरनेट जडान, लेखापरीक्षण तथा सामाजिक परीक्षण | २०४०००० |
| **जम्मा अनुदान** | | **११९७२४८६७** |

८० **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ।आ. व.२०८०।८१ मा पालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर स्थिति तथा सो सम्बन्धी अनुगमन प्रतिवेदन तयार गरेको देखिएन।नगरपालिकाले आफ्नो कार्यक्षेत्रका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

८१ **विद्यालयगत निकासा अभिलेख**

अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र बिश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्दछ। कार्यालयले तोकिएको ढाँचामा बिभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन।जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

८२ **विद्यालय सुधार (SIP) योजाना**

विद्यालय क्षेत्र विकासकार्यक्रम कार्यान्वयन पुस्तिका-२०८०।८१ को कृयाकलाप नम्बर २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आधारभूत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु. १५ हजार र माध्यामिक तह सञ्चालित विद्यालयहरुलाई प्रति विद्यालय रु. २० हजार दरले विद्यालय सुधार योजना सञ्चालन कार्यको लागि एकमुष्ट अनुदान निकासा दिने र यस प्रकारको अनुदान पाउने विद्यालयले विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्याबधिक गरेको विवरण अनिवार्य रुपमा स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने व्यवस्था उल्लेख छ।यस वर्ष पालिकाले विद्यालय सुधार योजना कार्यको लागि ४५ विद्यालयलाई रु.७२५००० अनुदान उपलब्ध गराएको छ । विद्यालय सुधार योजना अनुसार विद्यालय सुधारका क्रियाकलाप संचालन भए नभएको सम्बन्धमा पालिकाबाट समय समयमा अनुगमन गरी अनुदानको प्रभाबकारी कार्यान्वियनका साथै गुणस्तरीय शिक्षा सुरधारतर्फ ध्यान दिइनुपर्दछ।

८३ **सेनिटरी प्याड खरिद तथा वितरण**

विद्यालयमा अध्ययनरत किशोराबस्थाका छात्राहरुलाई आबश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नुपर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । पालिकाले सेनिटरी प्याड सम्बन्धी कार्यविधिको अनुसूचीमा उल्लेख भए अनुसारको मापदण्डको पालना नगरी यस आ.ब मा ८००० प्याकेट सेनिटरी प्याड खरिद गरी रु ४५०८७० खर्च लेखेको छ।पालिकाले खरिद गरेको सेनिटरी प्याडमध्ये ८००० थान बिभिन्न बिद्यालहरुलाई हस्तान्तरण गरेकोमा सम्बन्धित छात्राहरुलाई वितरण गरेको भर्पाइ पेश भएको देखिएन। सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख विद्यालयहरुले पेश नगरेका तथा वास्तविक आबश्यकताको आधारमा मापदण्ड अनुसारको खरिद नहुँदा खर्चमा मितव्ययिता तथा गुणस्तर कायम हुने देखिएन।

८४ **निःशुल्क पाठ्यपुस्तक कार्यक्रम**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिंदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तक संख्या यकिन गरी रकम अनुदान दिनुपर्दछ । यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत र २०८० बैशाखदेखि शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण विवरण, पाठ्यपुस्तक खरिद एवं वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम थप गर्न सकिने व्यवस्था निर्देशिकामा रहेको छ । पालिकाले कक्षा १ देखि १२ सम्मका ४५ विद्यालयलाई निःशुल्क पाठ्यपुस्तक बापत IEMIS तथ्याङ्कको आधारमा पहिलो पटकको ७५ प्रतिसतले हुने रकम रु. २१,६७,६७३।- दोस्रो पटक २५ प्रतिशातले हुने रु. ७,८३,७३०।- गरी जम्मा रु. २८,७४,९६६।- निकासा दिएकोमा IEMIS मा प्रविष्ट तथ्यांक भन्दा बढी निकासा दिएको रकम असुल हुनुपर्ने रु.

| क्र सं | विद्यालयको नाम | हुनुपर्ने निकासा | भएको निकासा | बढी |
|---|---|---|---|---|
| १ | वनकालीदेवी मावि | ७७००५ | ८११०५ | ४१०० |
| २ | भीमसेन मावि | १९३७१९ | १९९८५७ | ६१३८ |
| ३ | भूमेश्वरी आवि | ० | ३२३४ | ३२३४ |
| ४ | बोल्दे आवि | १२६६३२ | १३३३२९ | ६६९७ |
| ५ | डल्लेपोखरी आवि | १९००५ | २५५०८ | ६५०३ |
| ६ | Dowongpokhari Basic School | ६४२६८ | ७५६३४ | ११३६६ |
| ७ | जलदेवी मावि | २१६७८५ | २२३६६० | ६८७५ |
| ८ | जुगल मावि | १२२४१२ | १२३५१३ | ११०१ |
| ९ | नवज्योति आवि | २३८३५ | २५९३१ | २०९६ |
| १० | निमलुङ आवि | ३८२२४ | ४३४६६ | ५२४२ |
| ११ | पाँचपोखरी आवि | ७७३८ | ९३९७ | १६५९ |
| १२ | पञ्चकन्या आवि | १०९८१३ | १११२६ | १३१३ |
| १३ | मावि | १८१३०६ | १९३४०७ | १२१०१ |
| १४ | रत्न राज्य मावि | ३१४११२ | ३३१४११ | १७२९९ |
| १५ | सेलाङ आवि | ११०५६ | १२९५३ | १८९७ |
| १६ | सेलाङ मावि | १७०३४६ | १८९५८७ | १९२४१ |
| १७ | सेती देवी मावि | १४४९८८ | १६५९९७ | २१००९ |
| १८ | सेती देवी मावि | ११७५०१ | १३२९०१ | १५४०० |
| १९ | श्री ज्ञ्यानज्योती बालविका | ५७३१ | ७०३४ | १३०३ |
| २० | सिँगेश्वरी आवि | १३६२५ | १५३५२ | १७२७ |
| २१ | सोलेथान आवि | २४५१७ | ३४२४० | ९७२३ |
| **जम्मा** | | | | **१५६०२४** |

| असुल गर्नुपर्ने | १,५६,०२४ |
|---|---|

८५ **अवकाश भएका शिक्षकको तलब भत्ता निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयको दोस्रो त्रैमासिक (मिति २०८०।९।२६ गो. भौ. नं. २३) बाट राजिनामा दिई अवकास भएका देहायका शिक्षकलाई बढी निकासा दिएको असुल गर्नुपर्ने रु. १५,७१०।-

| क्र सं | विद्यालयको नाम | शिक्षकको नाम | राजिनामा मिति | बढी निकासा रु |
|---|---|---|---|---|
| १ | सेलाङ मावि | वियन बहादुर थापा | २०८०।८।१ | ६३४३ |
| २ | सेतीदेवि मावि | भिमसेन बा श्रेष्ठ | २०८०।८।१ | ५३६७ |
| ३ | रत्न राज्य मावि | गंगादेवी सापकोटा | २०८०।८।१ | ४००० |
| **जम्मा** | | | | **१५७१०** |

| असुल गर्नुपर्ने | १५,७१० |
|---|---|

८६ **शैक्षिक गुणस्तर तथा अनुगमन**

८६.१ **अनुदानको अनुगमन**

विद्यालयसँगको सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निरधार्ण शाखामा पठाउने व्यवस्था छ । पालिकाबाट उक्त अनुदानको प्रभावकारी कार्यान्वियन तथा तथा विद्यार्थीको शैक्षिक अवस्था सम्वन्धमा अनुगमन तथा प्रतिवेदन गरेको देखिदैन ।

८६.२ **अग्रिम कर**

आयकर ऐन, २०५८ को परिच्छेद १७ मा भुक्तानी मा कर कट्टी सम्बन्धि व्यवस्था छ । पालिकाले गो.भौ.नं ७६ मिति २०८१।२।२७ बाट विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्सान अनुदान बापत श्री बोल्दे आ वि विद्यालयलाई रु ६,५०,०००।- निकासा दिइएको र उक्त रकम सम्बन्धित क्षेत्रमा खर्च गरेको विल भर्पाई पेश भएको छ । विद्यालयले भुक्तानी दिदा अग्रिम कर बापत हुने रु ९७५० कट्टी गरेको नदेखिएकोले कर कट्टी गरी दाखिला गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ९,७५० |
|---|---|

८७ **सामुदायिक सिकाइ केन्द्र**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार पारिएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८।०८१ क्रियाकलाप नं २.७.१३.११ को ६.७ मा सामुदायिक सिकाई केन्द्र संचालन अनुदान सम्बन्धमा व्यवस्था गरेको छ ।यस पालिकामा रहेका २ वटा सामुदायिक सिकाई केन्द्रलाई गो भौ नं ७६ मिति २०८१।२।२७ बाट वार्षिक रु २५०००० को दरले जम्मा रु ५००००० निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन ।

८७.१ **बढी निकासा**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु १०००० का दरले १२ महिना पारिश्रमिक र चाडपर्व खर्च भुक्तानी गर्ने व्यवस्था गरेको छ । गोल्चे सामुदायिक सिकाइ केन्द्रका परिचालक श्री प्रिया स्याङबोलाई प्रति महिना रु १२००० को दरले पारिश्रमिक निकासा दिएको छ । कार्यान्वियन पुस्तिकामा उल्लेख भएभन्दा बढी दरमा निकासा भिएको रकम सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २६,००० |
|---|---|

८७.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८८ **गैरआवासीय छात्रवृत्ति**

शिक्षा तथा मानव विकास श्रोत केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को कृयाकलापन नं ७.२.१.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई गैरआवासीय छात्रवृति उपलब्ध गराउने उल्लेख छ । पालिकाले ३८ विद्यालयहरुलाई छात्रवृति निकासा गरेको सम्बन्धित विद्यार्थीले बुझेको भरपाई पेश नभएकोले सो सम्बन्धी भरपाई पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७२,८०० |

८९ **दिवा खाजा सम्बन्धमा**

वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदानमा प्राप्त रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्दछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०८०।८१ को शिक्षातर्फको सर्शत कार्यक्रम कार्यान्वयन पुस्तिकामा पालिकाले दिवा खाजा वापतको अनुदान निकासा गर्दा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तथा यसरी तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र निकासा दिनुपर्ने व्यवस्था छ। विद्यालयहरुले IEMIS तथ्यांक अनुसारकै शत प्रतिशत विद्यार्थीको हाजीरी विवरण पेश गरेकोमा पालिकाले सो तथ्यांकको सत्यापन नगरी यो वर्ष ४५ विद्यालयहरुलाई पालिकाले थप कक्षा ६ समेत गरी दिवा खाजा बापत रु ९३६६३९०- (पालिकाबाट थप रु.८७८८०५ समेत) निकासा गरेको पाइयो । अतः IEMIS तथ्यांक तथा यथार्थ विद्यार्थी संख्याको सत्यापन गराएर मात्र यस्तो रकम निकासा गर्ने व्यवस्था हुनुपर्दछ।

९० **बढी दिवाखाजा निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले गाउँपालिका चालु गो भौ नं ४२६ मिति २०८१।३।२ बाट कक्षा ६ का विद्यार्थीलाई दिवाखाजा वापतको अन्तिम निकासा दिदा पहिलो निकासामा छुट भएको भनी माग गरे बमोजिम निकासा दिएकोमा श्रेस्ता जाँच गर्दा छुट भएको देखिएन । श्री तेम्बाथाङ आवि विद्यालयलाई छुट भनि थप निकासा भएको दिवा खाजा वापतको रु २९४० असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१९,६९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१३,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २,९४० |
|---|---|

९१ **घटी दाखिला**

**<u>भौ.नं. ६३३-२०८१।३।२४ (गा.पा.चालु)</u>**

बागमती प्रदेश ऐन,२०७९ को दफा ९(६) बमोजिम स्थानीय तहले ढुंङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर बापत संकलन गरेको शुल्क र जरिबाना स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी ६० प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा ठेक्का र अमानत मार्फत संकलित स्लेट/फुटे ढुंङ्गा बापतको शुल्क रु. १४५८७६६०।-को ४० प्रतिशत रु. ५८,३५,०६४।– सोही आ.व.मा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा सोही अनुसार गरेको पाइएन । पालिकाले आ.व. २०८०।८१ उक्त रकम मध्ये मिति २०८१।३।२४ मा रु. ५४,०१,२४८।– मात्र दाखिला गरेको र बाँकी रु. ४,३३,८१६।– दाखिला गर्न बाँकी रहेको देखिएको रु.

| असुल गर्नुपर्ने | ४,३३,८१६ |
|---|---|

९२ **प्रारम्भिक वातावरणीय परीक्षण**

भौ. नं. ३३४-२०८१।१।७ (गा.पा.चालु)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । यस पालिकाको ब्रह्मयणी नदीबाट नदीजन्य पदार्थ (स्लेट ढुंगा, गिट्टी र बालुवा) उत्खनन् तथा संकलन कार्यका लागि आर्किटेक्स एण्ड एलाइडसँग रु. ४,९७,२००।– को सम्झौता गरी कार्यालयले सो सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराएको र प्रतिवेदन प्राप्त गरी सम्झौता बमोजिमको रकम भुक्तानी गरेको छ ।

IEE प्रतिवेदनमा स्लेट ढुंगा आ.व. २०८०।८१ मा १८५५००० (वर्ग फिट) सम्म उत्खनन् गर्न सकिने उल्लेख भए बमोजिम बोलपत्र आह्वान नभएको तर पालिकाबाट अमानतबाट कार्य भएको पाइयो । अतः IEE प्रतिवेदनको सीमाभित्र रही त्यसबाट प्राप्त हुन सक्ने राजश्व संकलन गर्न थप पहल गर्नुपर्दछ ।

९३ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिका कार्यालयले यो वर्ष गाउँपालिका चालु शीर्षकबाट अतिथि सत्कार खर्च, खाना/खाजा तथा अन्य भैपरी खर्च लगायतमा रु. ६६,५५,७२७।२१ खर्च लेखाङ्कन गरेको पाइयो । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

९४ **इन्धन खर्च**

९४.१ **कार्यालय इन्धन खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै इन्धन खर्च लेखाङ्कन गर्दा सवारी साधन सञ्चालन भएको स्थान, दुरी, इन्धन खपतको लगबूक, इन्धन खर्चको प्रयोजन लगायतका विवरण खुलाई अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष कार्यालय इन्धनमा रु.२०,०६,०१५।- खर्च लेखांकन गरेकोमा सो सम्बन्धी अद्यावधिक विवरण तथा अभिलेख राखेको देखिएन । पालिकाबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार कार्यालयको स्वामित्वमा चार पाङ्ग्रे सवारी साधन ४ वटा (एम्बुलेन्स १ समेत) र दुई पाङ्ग्रे सवारी साधन ११ वटा रहेको देखिन्छ । इन्धन खर्च सम्बन्धी अद्यावधिक विवरण तथा अभिलेख राखी इन्धन खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

९४.२ **एक्साभेटर इन्धन तथा मर्मत खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकालाई चीन सरकारद्वारा सहयोग स्वरुप विगत वर्षमा प्राप्त एक एक्साभेटरको वार्षिक इन्धन तथा मर्मत खर्च रु. १७,०९,२२८।– लेखांकन गरेकोमा सो सम्बन्धी अद्यावधिक विवरण तथा

अभिलेख राखेको देखिएन । साथै उक्त सवारी साधन कार्यालयको नाममा नामसारी भएको समेत देखिएन । पालिकाले उक्त सवारी साधन कार्यालयको नाममा दर्ता गरी जिन्सी विवरण अद्यावधिक गर्नुपर्दछ साथै इन्धन तथा मर्मत खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : जुगल गाउँपालिका, सिन्धुपाल्चोक , जुगल गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लोक बहादुर बि.क | २०८०-५-३१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | चिरञ्जिवि थापा | २०७९-११-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,३३६,६८७ | १६,७५६,६१० | २,७२३,३१२.५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २४,८१६,६०९.५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६२०,९९४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २४,१९५,६१५.५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १३७००९४०२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९९२८६००० | चालु खर्च | ३१६६६०६२४ |
| प्रदेश सरकारबाट अनुदान | ४२७४३६९४ | पूँजीगत खर्च | २१५१२८९८२ |
| राजश्व बाँडफाँट | १०९७२०८११ | वित्तीय/अन्य व्यवस्था | ४३९८६९३.० |
| आन्तरिक आय | १८५०७१५१ | | |
| अन्य आय | २१२४३२३१ | | |
| कुल आय | ४९१५००८८७ | कुल खर्च | ५३६१८८२९९ |
| बाँकी मौज्दात | | ९२३२१९९० | |

## बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

**(क) सिमेण्टमा बढी मू.अ.कर**

| भौ नं./मिति | योजनाको नाम | सिमेण्टको परिमाण | उ. स. बाट खरिद भएको दर (प्रति बोरा) | फरक मू.अ.कर (प्रति बोरा) | बढी मू.अ. कर |
|---|---|---|---|---|---|
| गा. पा. पुँजीगत तर्फ | | | | | |
| १८-०८०।६।२७ | याङ्गर गुम्बा निर्माण | २९३ बोरा | ६००।- | १५।६० | ४५७१ |
| ४४-०८०।९।२२ | याङ्गर गुम्बा निर्माण | २०० बोरा | ५९७।३४ | १५।९४ | ३१८९ |
| ५५-०८०।११।२४ | याङ्गर गुम्बा निर्माण | २५० बोरा | ६१०।- | १४।३० | ३५७५ |
| ५७-०८०।११।२७ | दुर्जगाउँ - नयाँ सडक निर्माण | १६५ बोरा | ६०१।७६ | १५।३७ | २५३६ |
| ६९-०८०।१२।१३ | खुन्दुर्क गोल्चे सडक निर्माण | ६३३ बोरा | ५८०।- | १८।२० | ११५२१ |
| ७४-०८०।१२।२० | कलंशा वि क टोल सडक ढलान | ३६५ बोरा | ६४०।- | १०।४० | ३७९६ |
| १०६-०८१।१।१४ | सोलेथान आ वि पहिरो नियन्त्रण | १७५ बोरा | ५०४।६३ | २८।०२ | ४९०३ |
| १५९-०८१।२।२१ | खानीगाउँ सिँढी निर्माण | ३०२ बोरा | ५८०।- | १८।२० | ५४९६ |
| १६३-०८१।२।२१ | बगर-निम्लुङ्ग सडक स्तरोन्नति | ३१९ बोरा | ६१९।४७ | १३।०७ | ४१७० |
| १७३-०८१।२।२३ | खानीगाउँ स्लोप निर्माण | ४१२ बोरा | ६२५।- | १२।३५ | ५०८८ |
| १७६-०८१।२।२८ | मानेडाँडा तोरीबारी सडक | ३१० बोरा | ५००।- | २८।६० | ८८६६ |
| १८५-०८१।२।२३ | बोल्देगाउँ नाला निर्माण | ३०० बोरा | ६७१।- | ६।३७ | १९११ |
| १९४-०८१।३।४ | गुम्बा क्याङसिङ सडक | २०० बोरा | ६१९।४७ | १३।०७ | २६१४ |
| २१२-०८१।३।८ | बज्र छोइलिङ्ग गुम्बा | ५१५ बोरा | ६२०।- | १३।- | ६६९५ |
| २२०-०८१।३।९ | याङ्गर गुम्बा | १५० बोरा | ५१७।७० | २६।२७ | ३९४१ |
| २४९-०८१।३।१७ | खोरोङ माझे हिप्लु सिँचाइ | २४८ बोरा | ५५०।०७ | २२।०९ | ५४७८ |
| २८४-०८१।३।२२ | जलदेवी विद्यालय मर्मत | ४०४ बोरा | ४९५।५८ | २९।१७ | ११७८४ |
| २८६-०८१।३।२२ | मञ्जुश्री पार्क | ४९४ बोरा | ५८०।- | १८।२० | ८९९० |
| <u>संघीय सशर्त तर्फ</u> | | | | | |
| १३-०८१।२।२१ | पाङताङ स्वास्थ्य चौकी भवन निर्माण | ३८७ बोरा | ५७५।२३ | १८।२२ | ७१८४ |
| १५-०८१।२।२८ | खेलकुद पूर्वाधार निर्माण | ३९२ बोरा | ५२६।५५ | २५।१५ | ९८५९ |
| १६-०८१।२।२८ | गुम्बा स्वास्थ्य चौकी भवन निर्माण | ३९७ बोरा | ५३९।८३ | २३।४२ | ९२९७ |
| २६-०८१।३।२२ | सेलाङ स्वास्थ्य चौकी भवन निर्माण | २२१ बोरा | ५००।- | २८।६० | ६३२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७-०८१।३।२२ | बाँसखर्क सामु. स्वास्थय इकाई | १९० बोरा | ५५७।५३ | २१।१२ | ४०१३ |
| **प्रदेश सशर्त तर्फ** | | | | | |
| ३-०८०।१२।०३ | देउराली विशिंखर सडक | ४५० बोरा | ४८२।३१ | ३०।९० | १३९०५ |
| ७-०८१।२।१६ | बाँध सिम्ले कुम्भेश्वर गोल्ची सडक | ६७५ बोरा | ६२०।- | १३।- | ८७७५ |
| २५-०८१।३।२३ | ढाँडे टेकानपुर खानेपानी योजना | ३४७ बोरा | ५८४।०६ | १७।६७ | ६१३१ |
| **जम्मा बढी मू.अ.कर (सिमेण्ट)** | | | | | **१६४६०९।-** |

**(ख) ईँटामा बढी मू.अ.कर** - स्वीकृत जिल्ला दररेट सूचीअनुसार चिम्नी भट्टाको इँट्टाको दर प्रति गोटा रु. २१।१७ मा रु. २।७५ मू.अ.कर समावेश गरी लागत अनुमान तयारी तथा सम्झौता एवं सोही दरबाट भुक्तानी गरेकोमा सोभन्दा घटी दरको बिल बीजक पेश भएकोले उपभोक्ता समितिलाई देहाय अनुसार रु. १,१४,१२१।- बढी मू.अ.कर भुक्तानी भएको ।

| भौ नं./मिति | योजनाको नाम | इँट्टाको परिमाण | लागत अनुमान दर (प्रति गोटा) | उ. स. बाट खरिद दर (प्रति गोटा) | फरक मू.अ.कर(प्रति गोटा) | बढी मू.अ.कर |
|---|---|---|---|---|---|---|
| **गा. पा. पुँजीगत तर्फ** | | | | | | |
| ५५-०८०।११।२४ | याङ्गर गुम्बा निर्माण | १८१९० वटा | २१।१७ | ११।५० | १।२५५ | २२८२८ |
| २३२-०८१।३।१३ | च्योचे खिसिङ्ग छोइलिङ्ग गुम्बा | ४००० वटा | २१।१७ | १०।१७ | १।४३ | ५७११ |
| २४३-०८१।३।१७ | टासी ल्हासा छोइलिङ्ग गुम्बा | १२१०७ वटा | २१।१७ | ११।९४ | १।२० | १४५२८ |
| २७२-०८१।३।२० | भेडाबारी सामु. भवन | ७००० वटा | २१।१७ | ९।२९२ | १।५४ | १०७८० |
| २८६-०८१।३।२२ | मञ्जुश्री पार्क | ४९५० वटा | २१।१७ | ८।८५ | १।६० | ७९१६ |
| **संघीय सशर्त तर्फ** | | | | | | ० |
| १६-०८१।२।२८ | गुम्बा स्वास्थ्य चौकी भवन निर्माण | ८३५१ वटा | २१।१७ | ११।९४ | १।२० | २२०२१ |
| २५-०८१।३।२२ | पाङताङ स्वास्थ्य चौकी भवन निर्माण | १०८० | २१।१७ | १०।१७ | १।४३ | १५४२ |
| २६-०८१।३।२२ | सेलाङ स्वास्थ्य चौकी भवन निर्माण | ४१६२ | २१।१७ | ९।७४ | १।४८ | ६१७४ |
| २७-०८१।३।२२ | बाँसखर्क सामु. स्वास्थय इकाई | १३१५२ | २१।१७ | ७।९६ | १।७२ | २२६२१ |
| **जम्मा बढी मू.अ.कर (इँट्टा)** | | | | | | ११४१२१ |

**(ग) डण्डीमा बढी मू.अ.कर -** स्वीकृत जिल्ला दररेट सूचीअनुसार फलामे डण्डी (छड) को दर प्रति के जी रु.१०२। मा रु. १३।२६ मू.अ.कर समावेश गरी लागत अनुमान तयारी तथा सम्झौता एवं सोही दरबाट भुक्तानी गरेकोमा सोभन्दा घटी दरको बिल बीजक पेश भएको।

| भौ नं./मिति | योजनाको नाम | डण्डीको परिमाण | लागत अनुमान दर (प्रति एकाइ) | उ. स. बाट खरिद दर (प्रति एकाइ) | फरक मू.अ.कर (प्रति एकाइ) | बढी मू.अ. कर |
|---|---|---|---|---|---|---|
| ७४-०८०।१२।२० | कलंशा वि क टोल सडक ढलान | १९०७ केजी | १०२।- | ८९।- | १।६९ | ३२२२ |
| २२०-०८१।३।९ | याङ्गर गुम्बा | ३३६५ केजी | १०२।- | ८५।- | २।२१ | ७४३६ |
| २४३-०८१।३।१७ | टासी ल्हासा छोइलिङ्ग गुम्बा | ३९५५ केजी | १०२।- | ८८।५० | १।७६ | ६९४२ |
| २८६-०८१।३।२२ | मञ्जुश्री पार्क | २८७३ केजी | १०२।- | ८२।- | २।६० | ७४७० |
| **संघीय सशर्त तर्फ** | | | | | | ० |
| १६-०८१।२।२८ | गुम्बा स्वास्थ्य चौकी भवन निर्माण | ५५७७ केजी | १०२।- | ८१।६८ | २।६४ | १४७३२ |
| २६-०८१।३।२२ | सेलाङ स्वास्थ्य चौकी भवन निर्माण | ७८८ केजी | १०२।- | ८२।- | २।६० | २०४९ |
| **प्रदेश सशर्त तर्फ** | | | | | | ० |
| ७-०८१।२।१६ | बाँध सिम्ले कुम्भेश्वर गोल्ची सडक | ९८८ केजी | १०२।- | ८१।४२ | २।६८ | २६४८ |
| २५-०८१।३।२३ | ढाँडे टेकानपुर खानेपानी योजना | २०२१ केजी | १०२।- | ८४।- | २।३४ | ४७२९ |
| **जम्मा बढी मू.अ.कर (डण्डी)** | | | | | | **४९२२८।-** |
| **सिमेण्ट, ईट्टा र डण्डीको कुल जम्मा बढी मू.अ.कर** | | | | | | **३२७९५८।-** |

## बेरूजु दफा ७१.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| वडा नं | नाम | खाता नम्बर | निकासा रकम |
|---|---|---|---|
| १ | बुदु माई तामाङ | २६७०१९२८०१५००००१ | ८७७४ |
| २ | मेन्दो तामाङ | २६७०२२९७८७६००००१ | १२००० |
| | पेम्बुटी तामाङ | २६७०१९४१४३५००००१ | १२००० |
| | शुभरानी दोङ | २६७०२४१०४२५००००१ | १२००० |
| | मन माई स्याङबो | २६७०२०३०५९३००००१ | १२००० |
| | निमा जम्बो शेर्पा | २६७०१९१३०२१००००१ | १२००० |
| | सेती दोङ | २६७०२१३७०६१००००१ | १२००० |
| | रिश्नु माई स्याङबो | २६७०१९१३०७५००००१ | १२००० |
| | दावा श्याङबो लामा | २६७०२२६६३७२००००१ | १२००० |
| | पाशाङ डोमा तामाङ | २६७०१६८५३४९००००१ | ७९८० |
| | विवि रानी पाखर्रिन | २६७०१८६२४१६००००१ | ७९८० |
| | विम बहादुर स्याङबो | २६७०१८४४६३८००००१ | १२००० |
| | कान्छी पाखर्रिन | २६७०१८०४३०५००००१ | १२००० |
| | चन्दी माया डोङ | २६७०१६७१७७३००००१ | ७९८० |
| | मनकाजी गोले | २६७०१८०४७९२००००१ | १२००० |
| | मोति माया डोङ | २६७०२०३२२२८००००१ | १२००० |
| | मन दोर्जे स्याङवो | २६७०२११९१८१००००१ | १२००० |
| | सोम रानी स्याङवो | २६७०२०९९११२००००१ | ७९८० |
| | सोम माई तामाङ | २६७०२३९८३७३००००१ | १२००० |
| | विवि तामाङ | २६७०२३०८४६६००००१ | १२००० |
| | शनशेर बाहादुर सिलवाल | २६७०१८८६४१९००००१ | १२००० |
| | सिंघ बहादुर भुजेल | २६७०१८६६३१३००००१ | १२००० |
| | निमा तामाङ | २६७०१८६१७३३००००१ | १२००० |
| | फुर्गयोलामो शेर्पा | २६७०२०७८७६३००००१ | १२००० |
| | सोमरानी स्याङवो | २६७०२२६६३७४००००१ | ७९८० |
| | | | |

| | | | |
|---|---|---|---|
| | सोम रानी तामाङ | २६७०२३०९४४०००००१ | १२००० |
| | साइली गोले | २६७०२०३८४९९०००० १ | १२००० |
| | सुक माया तामाङ | २६७०२७४९७०९००००१ | १२००० |
| | भुपेन्द्र गोले | २६७०२७४९७१६००००१ | ६४८४ |
| | ठोलिमाया तामाङ | २६७०२३०२९३७००००१ | १२००० |
| | हिरा स्याङवो | २६७०२४२२०३६००००१ | १२००० |
| | मुनी माया डोङ | २६७०२४१०७९०००००१ | १२००० |
| | गोलामो शेपेर्नी | २६७०२६४३५९५००००१ | १२००० |
| | फुलमाई गोले | २६७०१६१२७०१००००१ | १२००० |
| | कर्मा शेर्पा | २६७०१६१८२३२००००१ | १२००० |
| ३ | लालमाया सुनार | २६७०१७७७७१००००० १ | १२००० |
| ५ | छुट्टु लामा | २६७०१६३३९८८००००१ | १२००० |
| | फर्साङ तामाङ | २६७०२३७२४४२००००१ | १२००० |
| **जम्मा** | | | **४२७१५८** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ